'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २६८ ★ ने. सं. ११४६ कौला थ्व, अष्टमी ★ आइतबार ★ १ कार्तिक, २०८३ ★ October 18, 2026, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## सांस्कृतिक नगर भक्तपुरलाई सफा-स्वच्छ राख्दै संरक्षण गर्नुपर्ने



भक्तपुर, ३१ असोज । सांस्कृतिक पर्वको लामो बिदाको अवसरमा प्रभात इङ्लिस सेकेन्डरी स्कूलका एसईई २०७६ समूहका विद्यार्थीहरूको आयोजनामा शनिबारदेखि 'पेसाकप' फुटसल प्रतियोगिता सुरू भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले प्रतियोगिताको उद्घाटन गर्दै भन्नुभयो, "पुर्खाले निर्माण गरेको प्राचीन सांस्कृतिक नगर भक्तपुरलाई सफा-स्वच्छ राख्दै संरक्षण गर्नु नयाँ पुस्ताको जिम्मेवारी हो ।"

"नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले ३० वर्षअघि नयाँ पुस्तालाई 'एक घर, एक स्नातक' बनाउने भक्तपुरको सपना अघि सार्नुभएको थियो । सोहीअनुसार ख्वप कलेजलगायत अन्य कलेजहरू स्थापना र सञ्चालन भएपछि 'एक घर, एक स्नातक' मात्र नभई अहिले 'एक घर, एक स्नातकोत्तर' तयार भइरहेको छ", विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अध्यक्ष बिजुक्छेंले 'सय वर्षपछिको भक्तपुर' को परिकल्पनामा भक्तपुरका सडकमा विदेशीहरू नेवारी भाषामा कुराकानी गर्ने र भक्तपुरवासीले उन्नत आतिथ्य प्रदान गर्ने उल्लेख गर्नुभएको छ । तीस वर्षयता भक्तपुर एसएलसी र एसईईको नतिजामा पटक-पटक उत्कृष्ट स्थानमा पुगेको कुरा पनि सार्वजनिक भएकै हो । भक्तपुरका युवा तथा विद्यार्थी साहित्य, हाजिरीजवाफ र खेलकुदसमेतमा पटक-पटक अग्रस्थानमा रहँदै आएका छन् ।"

उहाँले भन्नुभयो, "किसान र श्रमजीवी जनताको श्रमदान तथा चन्दाबाट आर्थिक अनुशासन र पारदर्शिता अपनाउँदै भक्तपुरका सम्पदा संरक्षण र विकास निर्माणका काम भइरहेका छन् । हाम्रा अग्रजहरूको यस प्रकारको योगदानलाई नयाँ पुस्ताले अनुकरण गर्दै निरन्तरता दिनु जरूरी छ ।"

२०८२ भदौ २३ र २४ गतेका घटनाबारे चर्चा गर्दै उहाँले भन्नुभयो, "देशको सम्पदा र सम्पत्ति जलाउनु तथा जिम्मेवारीमा रहेका व्यक्तिहरूले कुर्सी छोडेर राजीनामा दिई भाग्नु दुवै देशघाती र विश्वासघाती काम हुन् । नयाँ पुस्ता उपद्रव र विध्वंसमा लाग्नु हुँदैन; सिर्जना र निर्माणमा लाग्नु आवश्यक छ ।"

नेमकिपाले शिक्षालाई उत्पादन श्रमसँग जोड्नुपर्ने विषयमा जोड दिँदै आएको उल्लेख गर्दै उहाँले यसतर्फ पनि नयाँ पुस्ता सचेत हुनु आवश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "खेलकुद स्वास्थ्य, अनुशासन र मित्रताका लागि हो ।

बाँकी पृष्ठ २ मा

## "भक्तपुरको विकास मोडेलप्रति धेरैको चासो र आकर्षण रहेको छ"



भक्तपुर, ३१ असोज । भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा विजया दशमी, दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दसैं, तिहार तथा छठ पर्वको अवसरमा शुभकामना व्यक्त गर्दै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, संस्कृति तथा पूर्वाधार विकासको क्षेत्रमा गरिरहेका कामबारे जानकारी दिनुभयो ।

उहाँले देको मिवा आवास योजनाबारे चर्चा गर्दै आयोजना कार्यान्वयनमा ढिलाइ हुँदा जनताले नै समस्या र नोक्सानी बेहोर्नुपर्ने भएकोले विद्यमान समस्या समाधान गर्दै आयोजना छिटो सम्पन्न गर्ने प्रयास भइरहेको बताउनुभयो ।

आयोजनाका सम्बन्धमा स्थानीय जनताका गुनासा र समस्यालाई गम्भीरतापूर्वक लिई सरसल्लाह तथा छलफलका माध्यमबाट समाधान खोजिरहेको उहाँले स्पष्ट पार्नुभयो । जनतालाई अप्ठ्यारो पार्ने गरी कुनै काम नगर्ने उल्लेख गर्दै आवास योजनाको कामलाई संवेदनशीलताका साथ अगाडि बढाइरहेको बताउनुभयो ।

सरकारको तर्फबाट भर्खरै जारी गरिएको भूमिसम्बन्धी ऐन संशोधन गर्ने अध्यादेश २०८३ जारी भएपछि गुठी अधिनस्थ जग्गासम्बन्धी समस्या समाधान गर्न सकिने विश्वास व्यक्त गर्दै प्रमुख प्रजापतिले यस व्यवस्थाले देको मिवा इतापाके आयोजनामा परेका गुठी अधिनस्थ जग्गाहरूमा समेत व्यक्तिसरह समान योगदान कटौती हुने र यसबाट मोही किसानलाई समेत राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले गरिरहेको काम तथा विकासको नमुना अध्ययन गर्न विभिन्न स्थानबाट मानिसहरू आउने गरेको बताउँदै भक्तपुरको विकास मोडेलप्रति धेरैको चासो र आकर्षण रहेको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुरका कलेजहरू गुणस्तर सुनिश्चितता प्रत्यायन (क्युएए) प्राप्तिको चरणमा रहेको जानकारी दिँदै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नगरपालिकाले निरन्तर प्रयास गरिरहेको बताउनुभयो ।

पशु वध तथा मासु बिक्रीसम्बन्धी व्यवस्थाबारे चर्चा गर्दै उहाँले मङ्सिर १ गतेदेखि पशु वधका लागि आवश्यक व्यवस्था गर्नुपर्ने, पशुको जाँच गर्नुपर्ने तथा पशुको छाला बिक्री गर्न नपाइने कानुनी व्यवस्था ल्याइएको जानकारी दिनुभयो ।

बाँकी पृष्ठ ३ मा

## युवा सङ्घको स्थापना दिवसको अवसरमा मैत्रीपूर्ण फूटसल

भक्तपुर, ३१ असोज । नेपाल क्रान्तिकारी युवा सङ्घको ३६ औं स्थापना दिवसको अवसरमा नेक्रायुसङ्घ भक्तपुर जिल्ला समितिले सहिद स्मृति खेल मैदान भक्तपुरमा शनिबार मैत्रीपूर्ण फूटसल प्रतियोगिता आयोजना गऱ्यो ।




उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले खेल स्वास्थ्य, अनुशासन र मित्रताको लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

उहाँले देशको सार्वभौमिकता रक्षाको निम्ति खेलाडीहरूले चिन्तन गर्नु जरुरी रहेको औंल्याउनुभयो ।

नेक्रायुसङ्घका अध्यक्ष मिनबहादुर बाटाले विदेशीको उक्साहटमा युवाहरू ध्वंसात्मक गतिविधिमा लाग्न नहुने चर्चा गर्दै पुर्खाले निर्माण गरेका धरोहर जलाएर, भत्काएर परिवर्तन नआउने प्रस्ट पार्नुभयो ।

नेक्रायुसङ्घ भजिसका अध्यक्ष जगतराम धुख्वाले चाडपर्वको बेलामा पनि युवाहरूलाई रचनात्मक गतिविधिमा लाग्न आग्रह गर्नुभयो । आयोजक समितिका एचएस सुवालले पनि बोल्नुभयो ।

प्रतियोगितामा चाँगुनारायण, मध्यपुर, सूर्यविनायक र भक्तपुर नगरपालिकाबाट १२ वटा फूटसल टीम सहभागी भएका थिए ।

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

● असोज ३१ गतेको गोरखापत्रमा २०८३ असार २० गतेभित्र सम्पन्न गर्नुपर्ने बर्दियाको राजापुर नगरपालिकाअन्तर्गत धोबिनपुरदेखि पुरैनासम्म सडक कालोपत्र गर्ने काम छाडेर ठेकेदार भागेको सार्वजनिक भयो । रास्वपा सरकारका पूर्वाधारमन्त्रीले सुरुमै 'समयमा काम पूरा नगर्ने ठेकेदारको खुट्टा भाँचिदिनू' भनेको पनि बाहिरिएको थियो । के ठेकेदार समयमा काम पूरा नहुँदा खुट्टा भाँचिदिने हो कि भनी डराएर भागेका हुन् ? रास्वपा सरकारको स्पष्टीकरण आउँछ कि ?

● सन् २०२० को इसिमोड र यूएनडीपीको अध्ययनअनुसार नेपालका २१ हिमताल र भारत एवम् चीनको तिब्बतका २६ हिमताल विस्फोटको उच्च जोखिममा रहेको सार्वजनिक भयो ।

बाँकी पृष्ठ ८ मा

## 'मजदुर' दैनिक दसैंमा पनि निरन्तर प्रकाशन हुने

भक्तपुर, ३१ असोज । देश र जनतामा समर्पित विचारप्रधान 'मजदुर' दैनिक देशको मुख्य चाड दसैंमा पनि निरन्तर प्रकाशन हुनेछ । दसैं र तिहारमा पनि प्रकाशन हुने यो पत्रिका वर्षभरि प्रकाशित हुँदै आएको छ । विगतमा झैं यस पत्रिकाका लागि लेख-रचना, विज्ञापन, पाठकपत्र तथा समाचार पठाइरहने छ भन्ने हाम्रो विश्वास छ । विभिन्न सञ्चारकर्मी तथा पत्रिका वितरकहरूले पनि समयमै समाचार पठाउने र प्रकाशित पत्रिका ग्राहकसमक्ष पुऱ्याउने जिम्मेवारी पूरा गर्ने हाम्रो विश्वास छ ।

यस पत्रिकाका लागि बेलाबखत लेख-रचना दिने लेखक, कथा तथा कविता दिने कथाकार र कवि, सल्लाह-सुझाव दिने तथा लेख-रचनाबारे समीक्षा गर्ने समालोचकहरूले पुऱ्याउनुभएको योगदान स्मरणीय छ । अन्तर्राष्ट्रिय क्षेत्रमा घटेका घटना, आन्दोलन तथा आन्दोलनप्रति ऐक्यबद्धतालगायत विषयमा अनुवाद गर्ने अनुवादकहरूको योगदानले पनि पत्रिका प्रकाशन गर्न र देश-विदेशका विषयमा जानकारी दिएर पाठकलाई सुसूचित पार्न थप टेवा पुऱ्याएको छ ।

पत्रिकाको निरन्तर प्रकाशनमा साथ र सहयोग गर्ने सञ्चारकर्मी, कर्मचारी, विज्ञापनदाता, पत्रिका वितरक तथा ग्राहकहरूको योगदान कम महत्त्वको छैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना परिघटनाबारे जानकारी दिने र श्रमजीवीवर्ग तथा बौद्धिकवर्गको प्रतिनिधित्व गर्ने 'मजदुर' दैनिक आस्थाको पत्रिका हो; यो वामपन्थी पत्रिका हो ।

बाँकी पृष्ठ २ मा



भक्तपुर दरबार स्क्वायरमा विदेशी पर्यटकहरू नेवारी परम्परागत पोसाकमा सजिएर फोटो खिच्दै रमाइरहेका छन् । हाम्रो मौलिक कला, संस्कृति र पहिचानले विदेशीहरूको मनसमेत जितिरहेको छ । नेवारी पोसाकको सुन्दरता र भक्तपुरको ऐतिहासिक सम्पदाको आकर्षण साँच्चै अनुपम छ । तस्बिर : श्रीराम कासिछ्वा/मजदुर दैनिक

# कार्की आयोगको प्रतिवेदनको सारसङ्क्षेप–१४८

२०८२ भदौ २३ गते देशमा भएको जनधनको क्षति तथा मानव अधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा राज्य सञ्चालक तहमा रहेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसँग आयोगले सोधपुछ गरेको थियो । राज्यद्वारा गरिएको मानव अधिकार उल्लङ्घनलगायत संसद् भवन परिसरबाहिर २३ भदौमा चलाइएको गोलीका सम्बन्धमा पनि आयोगले उनीहरूसँग सोधपुछ गरेको थियो । सोधपुछको क्रममा गोली हान्न दिने कानुन नै नभएको, आफूहरूले गोली हान्न आदेश नदिएको र घटनाबारे थाहा नभएको भनी जवाफ दिएको पाइन्छ । बानेश्वरस्थित एभरेस्ट होटलअगाडि प्रहरीको ब्यारिकेड तोडेपछि गृहमन्त्रीले 'सिलसिलेवार रूपमा बल प्रयोग गरी स्थिति नियन्त्रण गर्नू भनी आफूलाई निर्देशन दिनुभएको' भनी प्रजिअ छविराज रिजालले दिएको बयानमा उल्लेख गरेका छन् ।

२०८२ भदौ २३ गते संसद् परिसर क्षेत्र, बानेश्वरमा घटेका घटनामा जवाफदेही हुनेहरूमाथि कुन अभियोग लाग्न सक्ने अवस्था छ र कुन कानुन आकर्षित हुने हो भन्ने सम्बन्धमा विचार गर्नुपर्ने भयो । त्यसतर्फ हेर्दा हत्या र अवैध बल प्रयोगका सम्बन्धमा केही पदाधिकारीका हकमा मुलुकी अपराध संहिताअन्तर्गतका कसुरहरू आकर्षित हुने देखियो । केही पदाधिकारीका हकमा उनीहरूका सम्बन्धित सेवासम्बन्धी कानुनबमोजिम कारबाही गर्नुपर्ने अवस्था देखियो । प्रत्येक पदाधिकारीको ओहदाअनुसारको जिम्मेवारी, दायित्व, सम्पादन गरेको कार्य तथा घटनामा संलग्नताको गाम्भीर्यसमेतका आधारमा पद र जिम्मेवारीअनुसार कारबाहीका लागि निम्नानुसार सिफारिस गरिएको छ ।

१. कार्यकारी प्रमुख तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली,
२. तत्कालीन गृहमन्त्री रमेश लेखक र
३. तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङका हकमा ।

कर्तव्यको जानाजानी उल्लङ्घन भएको देखियो । घण्टौँसम्म प्रत्यक्ष गोलीबारी भइरहँदा त्यसलाई रोक्ने प्रयास नगरी मौन बसेको र अन्तिम बल प्रयोग गर्नुपर्दा समानुपातिकता तथा आवश्यकता (Necessity) को सिद्धान्तलाई राम्ररी पालना नगरेको सङ्कलित प्रमाणबाट देखिन्छ । अन्तिम बल प्रयोग गर्दा धातुको गोली प्रहार रोक्ने सुधारात्मक आदेश (Corrective Order) दिनेतर्फ प्रयास नै नगरेको देखियो । २३ गते मात्र संसद् परिसरबाहिर १७ जना मारिएकामा आफूलाई घटनाका सम्बन्धमा थाहा नभएको भनी दायित्वबाट पन्छिन खोज्नु सिद्धान्ततः मिल्ने देखिएन । संविधानले प्रत्याभूत गरेको सर्वसाधारण जनताको जीउज्यानको सुरक्षा, शान्तिपूर्ण तथा निःशस्त्र भेला र प्रदर्शन गर्न पाउने अधिकारको मर्यादा र मान्यता तथा राज्यबाट संरक्षण प्राप्त हुने विश्वासका साथ निस्किएका शान्तिपूर्ण जुलुसहरूमा समेत आवश्यकताभन्दा बढी बल प्रयोग भएको देखिन आयो ।

प्रधानमन्त्रीले संसद् भवन परिसरबाहिर लगभग चार घण्टासम्म गोली चलिरहँदा केहीको मृत्यु भइसकेको र सयौँ घाइते भएको अवस्थामा पनि राज्यका सबै नागरिकको अभिभावकको जिम्मेवारी र दायित्व वहन गर्ने पदाधिकारीका हैसियतले थप मानवीय क्षति रोक्न प्रयास नगर्नु प्रधानमन्त्री ( अभिभावक) को ठुलो कमजोरी हो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जाँचबुझको क्रममा आयोगले सोधेका घटनासम्बन्धी सबै प्रश्नको जवाफ दिनुभएन । 'एसईईका विद्यार्थी र फिल्डका प्रहरीलाई सोध्ने प्रश्न' भन्दै जवाफ दिन उहाँले असहयोग गर्नुभयो ।

गृह प्रशासन, सुरक्षा निकायका प्रमुखहरू तथा समग्र शान्ति सुरक्षाको सम्पूर्ण दायित्व वहन गर्ने गृहमन्त्री रमेश लेखक र देशको कार्यकारी प्रमुख रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले २३ गते दिउँसो नै थप मानवीय क्षति रोक्न कुनै पहल गरेको देखिएन । भदौ २३ गते घटना भएकै दिन दिउँसो २ बजे बैठक बोलाइए पनि प्रधानमन्त्रीले राति १० बजेपछि मात्र राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसालेको देखियो । जबकि दिउँसो १ बजे नै ठुलो मानवीय क्षति भइसकेको थियो । नजिकका अस्पतालहरू गोली लागेर घाइते भएका सयौँ व्यक्तिले भरिसकेका थिए ।

भदौ २३ गतेको घटनामा लापरबाही र हेलचेक्राइँ गरेका कारण किशोरकिशोरीहरूको समेत ज्यान गएकोमा उहाँहरू जिम्मेवार देखिनुभयो । परिणामस्वरूप त्यसै दिन १७ जनाको मृत्यु भयो भने सोही स्थानमा गोली लागेका १२ जनाको पछि मृत्यु हुन गयो । भदौ २३ गतेकै घटनाका कारण २४ गतेको घटना घट्न गएको प्रतिवेदनको निष्कर्ष छ । यस घटनामा जम्मा ७६ जनाको मृत्यु भयो । देश जल्नु, लुटपाट हुनु र मानिसहरूको मृत्यु हुनुको कारण सरकारले २३ गतेको घटनामा गोली चलाउन नरोकेको र २४ गतेका लागि पनि सुरक्षाका कदम नचालेको हुँदा सबै घटना सिलसिलेवार रूपमा घट्न गएको देखिन आयो । भदौ २३ गते गोली प्रहारबाट केहीको मृत्यु भइसकेपछि पनि गोली चलाउन रोक्न तत्कालीन प्रधानमन्त्रीलगायत कुनै पनि पदाधिकारी अग्रसर नभई लापरबाहीपूर्ण तथा हेलचेक्राइँपूर्ण क्रियाकलाप र व्यवहार गरेका कारण अत्यधिक मानवीय क्षति हुन गयो ।

अतः कार्यकारी प्रमुख तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ गरी तीन जनाका हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ को उपदफा (१) तथा सोही संहिताको दफा १८२ अनुसार कसुरको प्रकृतिअनुसार अनुसन्धान, तहकिकात र अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो ।

# राजनीति देश र जनताको समस्या समाधानका लागि हुनुपर्ने

भक्तपुर, ३० असोज । नेमकिपा बोलाछैँ समितिको आयोजनामा विजया दशमी, दीपावली, ने.सं.११४७ तथा छठ पर्वको अवसरमा शुक्रबार शुभकामना आदान प्रदान कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा सचिव प्रेम सुवालले बाजा बजाउँदा, गीत गाउँदा हात खुट्टा चल्ने, शारीरिक अभ्यास हुने र कुनै विशेष खबर सूचना दिन बाजाको प्रयोग गरिने सन्दर्भ उल्लेख गर्दै प्राकृतिक प्रकोप बाढी, पहिरो, भूकम्प आदिबारे जनतालाई सचेत गराई सुरक्षित हुनुपर्ने बताउनुभयो ।

काठमाडौँ विश्वविद्यालयले गरेको एक सर्वेक्षणअनुसार झण्डै ६२ प्रतिशतले देश गलत दिशातर्फ गइरहेको तथ्य सार्वजनिक भएको र निर्वाचनपछिको सर्वेक्षणमा उक्त आँकडा ७० प्रतिशत पुगेको सन्दर्भमा बोल्दै अतिथि सुवालले राजनीति देश र जनताको समस्या समाधानका लागि हुनुपर्ने बताउनुभयो ।

प्रतिक्रियावादी शासकहरूले बुद्ध धर्मलाई बदनाम गर्न नक्कली भिक्षुहरू तयार गरेको इतिहासबाट सिक्दै जनताको निम्ति काम गर्ने कार्यकर्ताहरू चनाखो हुनुपर्ने खाँचो औँल्याउनुभयो ।

उहाँले सोभियत रुस, चीन, प्रजग कोरियाले पुँजीवादी देशहरूले ३ सय वर्षमा गर्न नसकेको काम ४०-५० वर्षमा गरेर देखाएको तथ्याङ्कबाट जनताको वास्तविक दुःख, पिर, मर्का बुझेका देशको समस्या समाधानमा तत्पर असल नेता र नेतृत्व भएमा देशले काँचुली फेर्न धेरै समय नलाग्ने स्पष्ट पार्नुभयो ।

नेमकिपा भजिसका उपेन्द्र सुवालले नेमकिपाले तत्कालीन कार्यक्रमको रूपमा जनताको प्रजातन्त्र र दीर्घकालीन रूपमा समाजवाद हुँदै साम्यवादी आदर्श समाजमा पुग्ने लक्ष्य लिएको र पार्टीका अग्रज नेता कार्यकर्ताहरूले देश र जनताको निम्ति निःस्वार्थरूपमा गर्दै आइरहेको बताउनुभयो ।

नयाँ पुस्तालाई राजनैतिक रूपले सचेत र शिक्षित पार्नु पर्ने कर्तव्य पूरा गर्न लाग्नुपर्ने धारणा व्यक्त गर्दै उहाँले न्याय र समानतामा आधारित आदर्श समाज स्थापना गर्न शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका आधारभूत आवश्यकता पूरा गर्नु राज्यको दायित्व हो भन्नुभयो ।

नेमकिपा भ. न. स. का प्रतिनिधि गंगाराम ज्याख्वले जनताको निम्ति राम्रो विचार दिन सक्ने व्यक्ति मात्र नयाँ मान्छे हुने जिकिर गर्दै पहिलेका सरकारहरूले जस्तै जनविरोधी काम गर्नेहरूलाई जनताले बेलैमा चिन्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

एच.एस.सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा ४ वडा समिति अध्यक्ष पशुपति प्रजापति, वडा पार्टीका सल्लाहकार राजाराम सुवाल, नेपाल क्रान्तिकारी महिला सङ्घ बोलाछैँकी अध्यक्ष कृष्णलक्ष्मी दुवाल, आयोजक समिति सचिव विश्वराम त्वायना, सदस्य राजेन्द्र माकलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा महिला सङ्घकी रेश्मी हालेयोले गीत प्रस्तुत गर्नुभयो भने विद्यार्थीहरू कुशल सुवाल, कञ्जन त्वायना र सुरम्य सुवालले मालश्री धुन प्रस्तुत गर्नुभयो ।

# असल संस्कार र संस्कृतिको विकास आवश्यक

भक्तपुर, ३१ असोज । नेपाल मजदुर किसान पार्टी, इटाछेँ एकाइ समितिको आयोजनामा विजया दशमी, शुभ दीपावली, छठ पर्व एवम् नेपाल संवत् ११४७ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले चाडपर्वलाई आपसी सद्भाव, भाइचारा र सांस्कृतिक एकता अभिवृद्धि गर्ने अवसरको रूपमा मनाउनुपर्ने एवम् पुस्तक अध्ययन गर्नुका साथै रचनात्मक गतिविधि सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

लामो बिदाको अवसरमा नयाँ ठाउँको अध्ययन भ्रमण गरी ती ठाउँहरूको प्रकृति र जीवनशैली बुझ्न आवश्यक रहेको चर्चा गर्दै उहाँले असल संस्कार र संस्कृतिको विकासले मानिसलाई सामाजिकीकरण हुन टेवा पुग्ने विचार व्यक्त गर्नुभयो ।

सामाजिक सञ्जालमा मात्र सक्रिय हुने तर दैनिक जीवनमा क्रियाशील नहुँदा असामाजिक व्यवहार/गतिविधिहरू बढ्न थालेकोमा चिन्ता व्यक्त गर्दै उहाँले युवाहरू सचेत हुन आवश्यक रहेको औँल्याउनुभयो ।

सूर्यनारायण फाँजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा राजन जति, लक्ष्मीभक्त दुवाल, राजन वैद्य, मञ्जुमैयाँ लाखाजु र कमलश्वरी खर्बुजाले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

***सांस्कृतिक...***

खेलकुदमा हार-जित क्षणिक हुन्छ भने मित्रता र अनुशासन सदाका लागि हुन्छन् । यसैलाई मनन गरेर प्रभातका पूर्वविद्यार्थी र शिक्षकहरू फुटसल प्रतियोगितामा सहभागी हुने अपेक्षा गर्दछु ।"

उद्घाटन कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य गौतमप्रसाद लासिवा र प्रभात पूर्वविद्यार्थी सङ्घका संयोजक निरञ्जन दुवालले पनि मन्तव्य राख्नुभएको थियो ।

शनिबार शिक्षक र पूर्वविद्यार्थीबिच दुईवटा प्रदर्शनी खेल भएका थिए । आइतबार पूर्वविद्यार्थीहरूको खेल हुनेछ ।

त्यस्तै, विद्यालयको आयोजनामा शुभकामना तथा अध्ययन गोष्ठी कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले देशको नेतृत्व गर्ने मन्त्री तथा प्रधानमन्त्रीहरू दृढ अडानमा रहन नसक्दा देश भड्खालोमा परेको बताउनुभयो ।

सचिव सुवालले शिक्षक बीउजस्तै भएको उल्लेख गर्दै शिक्षकले आफूजस्तै असल नयाँ पुस्ता तयार पार्न निरन्तर प्रयास गर्नुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य रोशनमैयाँ सुवालले नियमित अध्ययन गर्ने बानीको विकास गर्नुपर्ने बताउनुभयो ।

प्रधानाध्यापक स्वर्णिमा मूलले शुभकामना व्यक्त गर्दै विद्यार्थी तथा शिक्षकलाई रचनात्मक कार्यमा सहभागी हुन आग्रह गर्नुभयो ।

वैज्ञानिक सिकाइसम्बन्धी प्रशिक्षक सुरेश परियारले दुर्गा र महिषासुरसम्बन्धी कथाको सामाजिक तथा ऐतिहासिक व्याख्या प्रस्तुत गर्नुभयो ।

**नमुना संसद् कार्यक्रम सम्पन्न**

विद्यालयले असोज २८ र २९ गते कक्षा ९ र १० का विद्यार्थीलाई सामाजिक अध्ययन विषयको व्यावहारिक ज्ञान दिने उद्देश्यले 'नमुना संसद्' कार्यक्रम सञ्चालन गर्‍यो ।

कार्यक्रममा सातवटा संसदीय समिति, मन्त्रिपरिषद् र प्रतिनिधिसभाका बैठक सञ्चालन गरिएका थिए । ११० जना विद्यार्थी सहभागी भएको उक्त कार्यक्रममा १०५ जनाले सांसदको भूमिका निर्वाह गरेका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले संसद्को शून्य समय, विशेष समय र आकस्मिक समयबारे जानकारी दिँदै देशका जल्दाबल्दा विषयमा गहन छलफल गर्न सुझाव दिनुभयो ।

यस्ता कार्यक्रमले विद्यार्थीलाई राज्य सञ्चालन प्रक्रिया र राजनीतिबारे सचेत बनाउन मद्दत गर्ने उहाँले बताउनुभयो ।

प्रधानाध्यापक स्वर्णिमा मूलले नमुना संसद्बाट विद्यार्थीहरूले संसदीय अभ्यासको अनुभूति गरेको बताउनुभयो ।

कार्यक्रममा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई प्रखर वक्ता, स्पष्ट वक्ता, अनुशासित सांसद, उत्कृष्ट सचिव र उत्कृष्ट संसदीय कर्मचारी विधामा प्रमाणपत्र प्रदान गरिएको थियो ।

***'मजदुर'....***

कम्युनिस्ट पार्टीका सिद्धान्त र विचार गाउँ-बस्तीमा पुर्‍याउने तथा जनताको राजनीतिक, वैचारिक, सैद्धान्तिक र सांस्कृतिक स्तर उठाउने काममा 'मजदुर' दैनिक प्रयत्नशील छ । यस पत्रिकाले विस्तारवाद र साम्राज्यवादको विरोध गर्दै आएको छ । सङ्गठित र सचेत जनशक्तिले नै परिवर्तन गर्न सक्छ भन्ने विश्वासका साथ 'मजदुर' दैनिक लागिपरेको छ ।

देश-विदेशका प्रतिक्रियावादी, सामन्त, शोषक, जालीफटाहा तथा पुँजीपतिवर्गले शासन र शोषण गरिरहेसम्म देशका बहुसङ्ख्यक जनताको हित नहुने भएकोले देशमा परिवर्तनका लागि सङ्घर्ष अपरिहार्य छ । कम्युनिस्ट पार्टी भन्ने तर कम्युनिस्ट पार्टीका सिद्धान्त र विचारअनुसार काम नगर्ने पार्टीहरूको आलोचना गर्ने तथा आलोचनामार्फत खबरदारी गर्ने काम यस पत्रिकाले गर्दै आएको छ । यस पत्रिकाले कुनै पनि देशमाथि हुने थिचोमिचो, आक्रमण, दबाब, भ्रष्टाचार, कालोबजारी, हत्या, हिंसा तथा बेथितिविरूद्धका समाचार र लेख-रचना प्रकाशित गर्दै आएको छ । हरेक नागरिक देशभक्त, अनुशासित, चरित्रवान्, नैतिकवान् तथा दूरदर्शी हुनुपर्छ भन्ने यस पत्रिकाको मान्यता हो ।

अतः विगतमा झैँ आगामी दिनमा पनि पत्रिकाको निरन्तर प्रकाशनका लागि यहाँहरूको अमूल्य समय, सहयोग र साथ प्राप्त हुने हाम्रो विश्वास छ । यहाँहरूको सहयोग र साथले नै 'मजदुर' दैनिक निरन्तर प्रकाशित भइरहेको छ । दसैंको यस पावन अवसरमा देशभक्त, न्यायप्रेमी तथा शान्तिकामी नेपाली जनता, सञ्चारकर्मी, पाठक, ग्राहक, विज्ञापनदाता, लेखक, कवि, कथाकार, समालोचक, बुद्धिजीवी, व्यापारी-व्यवसायी, पत्रिका वितरक, किसान, मजदुर, विद्यार्थी, युवा, शिक्षक, महिला तथा सर्वसाधारण जनताको सुस्वास्थ्यको कामनासहित 'मजदुर' दैनिक परिवार हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

# कटुञ्जे सामुदायिक सिकाइ केन्द्रको शुभकामना

भक्तपुर, ३१ असोज । कटुञ्जे सामुदायिक सिकाइ केन्द्रको आयोजनामा शुभकामना कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य अनुराधा थापामगरको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले सरकारहरूको परनिर्भर नीतिले नै हरेक वर्ष जनतामा विभिन्न थरीका स्वास्थ्य समस्या बढिरहेको छ भन्नुभयो ।

स्वस्थ जीवनको लागि सबभन्दा पहिले आत्मनिर्भर अर्थतन्त्रको विकास कसरी गर्न सकिन्छ भन्ने बहस जनस्तरबाटै सुरु गर्न जरूरी भएको धारणा राख्दै उहाँले भन्नुभयो, "सही र गलत छुट्याउन सक्ने चेतना नै राजनीतिक चेतना हो; शासक पार्टीहरूले जनतालाई राजनीतिक चेतना दिनेभन्दा पनि आफ्नो सत्तास्वार्थ पूरा गर्ने हेतुले जनतालाई झूटा प्रचारबाजी र झिलीमिलीमा फसाउन सामाजिक सञ्जाललाई हतियार बनाए ।"

केन्द्रीय सदस्य थापामगरले भन्नुभयो, "मोबाइल हेरेर होइन राजनीतिक दलहरूको विचार, दर्शन र गतिविधि हेरेर खुला छलफल र बहस गरेमात्र साँचो परिवर्तन सम्भव छ ।"

उहाँले भन्नुभयो, "नयाँ भनिएका शासक दलहरू पनि विचार र गतिविधिका आधारमा झन् पुरानो साबित हुँदै गइरहेको छ । नेपालमा अमेरिकाले सत्ता कब्जा गर्न गत भदौ २३-२४ को घटना घटाएको तथ्य तथ्याङ्क प्रकाशित भइसकेको छ । चाडपर्वको फुर्सदको समयमा यसबारे पनि गम्भीर छलफल चलाउन आवश्यक छ ।"

आयोजक सिकाइ केन्द्रका अध्यक्ष महेन्द्र बखुन्छेको सभापतित्वमा भएको उक्त कार्यक्रममा श्याम बिसुङ्के, रामकृष्ण बखुन्छे, कृष्ण मिजार, डा. सनिस गोसाई, रामप्यारी न्हेम्हाफुकी, चनमती खुलीमुलीलगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

# कुम्ह सागर एन्ड ख्वप ब्यान्डका कलाकारहरू सम्मानित

भक्तपुर, ३१ असोज । मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र भक्तपुरको आयोजनामा भिलेज हाइलायन्ड रिसोर्ट, रानीकोट, सूनपा ८, भक्तपुरमा हाम्रो देशको परिचय र पहिचान बोकेको कलासंस्कृतिलाई गीत-सङ्गीतको माध्यमबाट अमेरिका, बेलायत, अस्ट्रेलिया, जापान, कोरियालगायत विभिन्न राष्ट्रहरूमा गई सफलतापूर्वक साङ्गीतिक प्रस्तुत गर्दै आएका कुम्ह सागर एन्ड ख्वप बान्डका लोकप्रिय वरिष्ठ कलाकारहरू सिद्धिसागर (कुम्ह सागर) प्रजापति, रोजमान महर्जन, अमन माली, रोशन बज्राचार्य, सुमन गैडा, विके प्रजापति, प्रवीण लाखा, रोशिक जधारी, रामसुन्दर धुसु र शरद् देउलालाई हालै सम्मान-पत्र तथा प्रमाण-पत्र प्रदान गरियो ।

कार्यक्रमको उद्घाटन नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति बज्रेश खनालले गर्नुभएको थियो ।

नेपाल होटल सङ्घ, वाग्मती प्रदेशका अध्यक्ष रामसुन्दर बकेले कलासंस्कृति र कलाकारहरू राष्ट्रको सम्पत्ति र गहना भएको बताउनुभयो ।

केन्द्रका संस्थापक अध्यक्ष एवं प्रबन्ध निर्देशक मुक्तिसुन्दर जधारीको सभापतित्वमा भएको कार्यक्रममा कला संस्कृतिविज्ञ एवं वरिष्ठ कलाकार गणेशराम लाछीले कला संस्कृतिको महत्त्व र भूमिकाबारे प्रस्ट पार्नुभयो ।

वरिष्ठ कलाकार रोजमान महर्जनले शुभकामनासहित आफ्नो धारणा राख्नुभएको थियो । त्यस्तै मुक्ति सङ्गीत प्रशिक्षण केन्द्रका सल्लाहकार सुरज शाक्य र अध्यक्ष रोशिका जधारीले पनि बोल्नुभएको थियो ।

गाईजात्रा पर्व २०८३ मा प्रथम हुन सफल कलाकारहरूलाई सिद्धि स्मृति प्रतिष्ठानका संस्थापक श्यामसुन्दर धौभडेललगायत आतिथिहरूले प्रमाण-पत्र तथा मायाको चिनो वितरण गर्नुभएको थियो । कार्यक्रमको बिच-बिचमा देवी/दैत्य, कवां, ख्याक, सिंहसहितको महाकाली नाच प्रदर्शन गरिएको थियो ।

*भक्तपुरको...*

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित आदर निकेतनको सञ्चालनबाट प्रभावित भएका विभिन्न व्यक्तिहरूले आर्थिक सहयोग गर्नुभएको प्रसङ्ग उल्लेख गर्दै उहाँले सहयोगी भावना र सामाजिक उत्तरदायित्वका साथ सहयोग गर्ने सबैप्रति नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले दसैं, तिहार तथा छठजस्ता चाडपर्वलाई सामाजिक सद्भाव कायम गर्ने अवसरको रूपमा मनाउनुपर्ने बताउनुभयो । उहाँले समाजको सामाजिक तथा आर्थिक अवस्थाअनुसार चाडपर्व मनाउन आग्रह गर्दै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको उल्लेख गर्नुभयो । नगरपालिकाले नगरवासीको हितलाई ध्यानमा राखेर विद्यालय, अस्पताल तथा आवास योजनाजस्ता कार्यक्रम सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी नगर समिति भक्तपुरका उपाध्यक्ष लक्ष्मीभक्त लासिवाले सामुदायिक भावनाबाट प्रेरित भई स्थापना भएका संस्थाहरूले समाजकै हितमा काम गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल मजदुर किसान पार्टी नगर समितिका प्रतिनिधि गंगाराम ज्याख्वले पार्टीले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध गर्दै आएको उल्लेख गर्दै विश्वका न्यायप्रेमी जनताको पक्षमा आवाज उठाउँदै आएको बताउनुभयो ।

स्थानीय समाजसेवी गणेशप्रसाद सुवालले नेपाल मजदुर किसान पार्टीको मुख्य उद्देश्य देश र जनताको सेवा गर्नु रहेको बताउनुभयो । उहाँले बस्तीभित्र सञ्चालन भइरहेका प्रदूषण फैलाउने उद्योगहरूलाई स्थानान्तरण गर्नु आजको आवश्यकता भएको धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले देको मिवा आवास योजना जनताको मागअनुसार व्यवस्थित आवासको व्यवस्था गर्ने उद्देश्यले अघि बढाइएको बताउनुभयो । उहाँले करिब ९० प्रतिशत जनता योजनाको पक्षमा रहेको उल्लेख गर्दै जनताकै योगदान र सहभागिताका कारण खुला क्षेत्रको व्यवस्था सम्भव भएको बताउनुभयो । उहाँले आयोजनाअन्तर्गत भइरहेको विकास निर्माणको प्रगति प्रस्तुत गर्दै योजनालाई छिटो सम्पन्न गर्ने दिशामा काम भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा वडा सदस्य श्यामसुन्दर मातांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।




**दसैं मनाउन जानेहरूका लागि तयारी अवस्थामा राखिएको माइक्रोबस :** फूलपातीको दिन शनिबार काठमाडौंको गोंगबु नयाँ बसपार्कमा विभिन्न गन्तव्य स्थानमा जानको लागि तयारी अवस्थामा राखिएका माइक्रोस बसहरू । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# आहा र गज्जबको डोरी तान्ने प्रतियोगिता

✍ रसिक

"आदरणीय दर्शकहरू हाम्रा दिदीबहिनीहरू र मेक्सिकोका महिला पर्यटकहरूबिच डोरी तान्ने प्रतियोगिता (Tug of War) हुँदै छ । खेल आकर्षक र रोमाञ्चक हुँदै छ ।"

दसैंको पहिलो दिन घटस्थापनाको दिउँसो सूर्यमढी टोलमा २ बजेको चर्को घाममा स्थानीय उद्घोषिकाले जोसिँदै माइकमा बोलिरहेको सुनेर वरपर पाटीमा बसिरहेका ज्येष्ठ नागरिकहरू, अलि परपरका पसलहरूमा सामूहिक छलफलमा बसेका युवाहरू तथा सूर्यमढी दबुमा माटोको 'सलिचा' सुकाइरहेका दिदीबहिनीहरू प्रतियोगिता स्थलमा झुमिन थाले ।

साँच्चै, रबरको नरम म्याट बिछ्याइएको चोकमा लामो र मोटो डोरीको एकछेउ चार जना विदेशी महिलाहरूले तानिरहेका थिए भने अर्को छेउमा ४ जना स्थानीय महिला दिदीबहिनीहरू थिए । विदेशी महिलाहरू उमेरले ५० वर्ष नाघेका जस्ता भए पनि फूर्तिला र बलिया देखिन्थे । हेर्दैमा खेलाडीजस्ता देखिन्थे । अर्कोतिर स्थानीय महिला दिदीबहिनीहरू भने कोही साडीमा त कोही कुर्ता सुरुवालमा देखिन्थे । उनीहरू खेल अनुशासनमा भन्दा पनि रमाइलोका लागि प्रतिस्पर्धामा सहभागी भइरहेका जस्ता देखिन्थे ।

रेफ्रिले सिटी बजाउनासाथ दुवै टोलीले बल गरी डोरी आफूतिर तान्न थाले । वरिपरि दर्शकहरू सयौंको सङ्ख्यामा थिए । पाको उमेरका दर्शकहरू स्थानीय दिदीबहिनीहरूलाई नेवारी भाषामा 'हस्से हैंसे' भन्दै हौसला प्रदान गरिरहेका थिए भने नवयुवाहरू विदेशी महिला खेलाडीहरूलाई समर्थन गर्दै हुटिङ गरिरहेका थिए । पहिलो खेलमा मेक्सिकन महिलाहरूले सजिलैसँग डोरी आफूतिर ताने । तर, दोस्रो खेलमा स्थानीय दिदीबहिनीहरूले आफ्नो भरपूर शक्ति प्रदर्शन गरे । केही बेर डोरी तानातानको स्थितिमा रहयो । दर्शक दीर्घाबाट निरन्तर हुटिङ भइरह्यो । अन्ततः यो खेलमा पनि विदेशी महिलाहरूको टोलीले डोरी आफूतिर तान्न सफल भयो । यसपालि डोरी तान्ने क्रममा दुई जना विदेशीहरू भुइँमा ढल्न पुगे । दर्शकहरू गललल हाँस्न थाले । यो देखेर विदेशीहरू पनि मज्जाले हाँसे । रेफ्रिले मेक्सिकोको टोली विजयी भएको घोषणा गर्नेबित्तिकै विदेशी महिलाहरू 'हुर्रे' भन्दै नाच्न थाले । दर्शकहरूको साथ र समर्थनप्रति आभार प्रकट गर्ने क्रममा मेक्सिकोका महिला खेलाडीहरू दर्शकहरूतिर झुकेर अभिवादन गर्दै धन्यवाद प्रकट गरे ।

विदेशीहरूले रौनकता थपेको डोरी तान्ने प्रतियोगिता खासमा नेपाल क्रान्तिकारी महिला सङ्घ भनपा ९ नं. वडा समितिको आयोजनामा स्थानीय महिला दिदीबहिनीहरूबिचको खेल थियो । कुल १३ वटा समूहले सहभागिता जनाएको उक्त प्रतियोगितामा माइती समूह, दिदीबहिनी समूह, छिकोङ खेल समूह, छोरीबुहारी समूह, भजन समूह, महिला बचत समूह र यस्तै यस्तै नाउँका समूहहरू थिए । प्रतियोगितामा जीत-हार स्वाभाविक थियो । तर, प्रतियोगितामा सहभागी दिदीबहिनीहरू जीत र हारमा भन्दा सामूहिक भावना र मैत्रीपूर्ण प्रतिस्पर्धामा रमाइरहेका थिए । जित्ने टोलीमा विजय उन्माद त देखिन्थ्यो नै, हार्नेहरू पनि गर्वका साथ भन्दै थिए, "हामीले डोरी तान्न नछोडेको भए तिमीहरू कसरी जित्थ्यौ ? त्यसैले तिमीहरूको जीतमा हाम्रो ठुलो योगदान छ ।"



त्यसमाथि कार्यक्रममा सहभागी अतिथिले खेलाडी महिलाहरूलाई उत्साहित गर्दै ठट्यौली पारामा भने, "बिस्का जात्रामा लिङ्गो उठाउन तथा भैरवको रथ तान्न महिलाहरू पनि सक्षम भएको प्रमाणित हुँदै छ ।" उनको कुराले खेलाडी मात्र नभई दर्शकहरू पनि मज्जाले हाँस्न भ्याए ।

अघिल्लो वर्ष दसैं सुरु हुनुभन्दा हप्तादिन अघिदेखि नै सूर्यमढी चोकमा नवयुवाहरू लङ्गुरबुर्जा खेलिरहेका थिए । खाली क्यान बियरहरू यत्रतत्र छरिएका थिए । भुइँमा सय, पाँच सय र हजारका नोटहरू फालिएका थिए । वरपर पाटीमा बसी सुख दुःख बाँडिरहेका ज्येष्ठ नागरिकहरू रिसले मुर्मुरिरहेका थिए, तर भर्खरका युवाहरूको बेलगामको बोली र हाहा हुहुको विरोधमा केही बोल्न सकिरहेका थिएनन् । राति अबेलासम्म खेल्दा बिरामीहरू सुत्न सकेका थिएनन् भने परीक्षाको तयारीमा बसेका विद्यार्थीहरूले पढाइमा ध्यान केन्द्रित गर्न सकेका थिएनन् ।

यो वर्ष स्थानीय महिलाहरू आफैं जागरुक भएर जुवा तास र लङ्गुरबुर्जाको कुलतबाट समाजलाई टाढा राख्ने र आपसमा मैत्रीभाव कायम गर्ने सन्देशसहित दसैंको पहिलो दिन डोरी तान्ने प्रतियोगिता सञ्चालन गर्दै थिए । बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म सबै उमेर समूहका व्यक्तिहरू उक्त प्रतियोगिता हेर्न उत्सुकतापूर्वक बसिरहेकोले प्रतियोगिताले सकारात्मक प्रभाव छोडेको प्रस्ट हुन्छ । यसर्थ, खेल सामान्यजस्तो लागे पनि समाजलाई सही दिशानिर्देश गर्न सफल प्रतीक बनेको भान हुन्छ ।

सबैतिर यी र यस्ता रचनात्मक गतिविधिहरू गरेर दसैं तिहार मनाउन सकिन्न र ?

हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली २०८३, नेपाल संवत् ११४७ तथा छठ पर्व को पावन अवसरमा ग्राहक महानुभाव, समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरू, शुभेच्छुकहरू एवं शुभचिन्तकहरूमा सुख, शान्ति तथा समृद्धिको कामनासहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

हनुमान आयल स्टोर
जगाती, भक्तपुर
फो.नं.: ०१-६६१४४०७

। सम्पादकीय ।

# शासक दलहरूबाट नेपाली जनतालाई थप पीडा !

राजनीतिक दल निश्चित दर्शन र वर्ग आधारमा गठन र सञ्चालन हुन्छ । नेपालमा नेपाली काङ्ग्रेसले राष्ट्रियता, प्रजातन्त्र र समाजवादको नारा दिएको हो । तर, जहानियाँ राणा शासनको अघि र पछि तथा निर्दलीय पञ्चायती शासनको कालमा नेकाका नेताहरू भारतीय विस्तारवाद र एकाधिकार पुँजीको छायामा बसे । यसकारण, बहुदलीय व्यवस्था पुनःस्थापनापछि पटक-पटक सरकारको नेतृत्व गरे पनि नेकाले नेपालको हितमा काम गरेन ।

बहुदलीय व्यवस्थाको पुनःस्थापनायता नेकाको सरकारले सार्वजनिक संस्थान केही व्यक्ति वा भारतीय एकाधिकार पुँजीसमेतको हातमा बिक्री गर्‍यो भने नेपालको नदीनाला भारतीय विस्तारवादको समेत साझा भन्दै महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, मुगु कर्णाली, तिला-१, तिला-२, पश्चिम सेती, सेती-१ लगायत जलविद्युत् र सिँचाइ परियोजना भारतीय एकाधिकार पुँजीको कब्जामा दियो । नेपालको हितविपरीतका यी सन्धि-सम्झौतामा एमाले र तत्कालीन माओवादीसमेतले साथ दिए । कम्युनिस्ट दाबी गरेको एमालेले खर्बपति विनोद चौधरीलाई समानुपातिक सांसद बनायो भने पछि चौधरी नेकाको सांसद हुँदै उपसभापति बने ।

एमाले र तत्कालीन माओवादी आ-आफूलाई कम्युनिस्ट दाबी गर्छन् । कम्युनिस्टहरू देशभक्त र कामदारवर्गको पक्षमा सेवा गर्छन् । एमाले र तत्कालीन माओवादी भने नेकाकै साथ एवम् समर्थनमा पटक-पटक सरकारको भागबन्डामा गए । एमालेले पनि खर्बपतिहरू गोल्छा, खेतानलगायतलाई समानुपातिक सांसद र मन्त्री बनायो भने तत्कालीन माओवादीले पनि खर्बपतिहरू पद्म ज्योती र ल्हारक्याल लामाहरूलाई सांसद र मन्त्री बनायो । नेपाली जनतालाई यस्तै शासक दलहरूबाट थप पीडा भइरहेको हो । नेका, एमाले, तत्कालीन माओवादीका सरकारहरूले देश र जनताको निःस्वार्थ सेवा नगरेको हुँदा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव र विध्वंस गर्नेहरूलाई मौका मिल्यो । देशको सम्पदा र सम्पत्ति जलाउनेहरू र देश जलाइएको बेला सरकारको जिम्मेवारीबाट राजीनामा दिएर भाग्नेहरू दुवै देशघाती किन होइनन् ?

रास्वपा भ्रष्टाचारविरुद्ध सुशासनको लागि स्थापना भएको दाबी गर्‍यो । तर, गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवसँग जोडिएका सयौँ मानिसहरू रास्वपाबाट सांसद र राजनीतिक नियुक्ति पाएकाहरू नै भएको कार्की आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा उल्लेख भयो । संरा अमेरिकी पत्रकार क्लारेन किटवर्गको 'दि ग्रेजोन' मा प्रकाशित लेखमा रास्वपाका कतिपय नेता र कार्यकर्ताहरू संरा अमेरिकी केन्द्रीय गुप्तचर संस्थाअन्तर्गतका राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारीसंस्थाहरूमार्फत आर्थिक सहयोग र विध्वंसका तालिम पाएको सार्वजनिक भयो । यसलाई रास्वपाले अस्वीकार गरेको छैन । यसरी रास्वपाको राजनीतिक दर्शन र वर्गआधार अन्य शासक दलसँगै मिलेको देखिन्छ । रास्वपाका रवि लामिछानेले गत फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा शासक दलका नेता कार्यकर्ताहरूको मत पनि आफ्नो पार्टीलाई आएको बताए । नेकाका गगन थापाले मत सँगसँगै ४० जना उम्मेदवार आफ्नो पार्टीबाट रास्वपामा पठाएको बताए । रास्वपाका सांसदहरू र राजनीतिक नियुक्ति पाएका अधिकांश व्यक्तिहरू पुराना शासक दलकै भएको अध्ययनबाट पुष्टि हुन्छ । यसरी रास्वपा कुनै मौलिक र नयाँ पार्टी नभएको प्रमाणित हुन्छ ।

नेका, एमाले, तत्कालीन माओवादीले आ-आफ्ना पार्टीलाई एउटा राजनीतिक पार्टीजस्तो अनुशासित बनाएर सञ्चालन नगरेको हुँदा रास्वपाजस्तो २-४ वर्षमा देखिएको पार्टीको सरकार बनाउन चाहनेहरूलाई मौका मिलेको हो । रास्वपाले स्थानीय तहको चुनाव घोषणा नहुँदै उम्मेदवार हुनेहरूको नामावली सङ्कलन सुरु गर्दै छ । राजनीतिक दलहरू क्लवजस्तो सञ्चालन गरिएकै कारण उम्मेदवारको सूचीको लागि 'उम्मेदवार क्लव' का अवधारणा ल्याइएको हुनुपर्दछ । यसप्रकारका पार्टी र उम्मेदवारबाट देश र जनताको निःस्वार्थ सेवा कसरी होला ?

# कुरीति र अन्यायको बारेमा चुप नलाग्ने हाम्रो आफ्नै परम्परा छ

***प्रजातान्त्रिक व्यवस्थाको देशमा सत्तालाई प्रश्न नगर, पुराना सबैको काम छैन, हामी जे गर्दै छौं ठीक गर्दै छौं नियतमा शङ्का नगरजस्ता भाष्य सृजना गरी आम मानिसको आवाज थुन्ने कोशिश भइरहेको छ । धर्म निरपेक्ष राज्यको सरकार प्रमुख र मन्त्रीहरूले अमुक धर्मलाई आम जनतामा लाड्ने दुष्प्रयास गरिरहेको अवस्था छ ।***

पहिले पनि हामी यसरी नै विभिन्न भेला र जमघटमा भेट गर्दै आएका हौँ । तर, आजको यो जमघटलाई हामी अलि फरक बनाउने प्रयत्न गरौँ भन्ने आग्रह हो ।

हिजो ख्वप अस्पताल, इन्जिनियरिङ कलेज, बहुप्राविधिक संस्थान, अन्य कलेज र संस्थाहरूका साथीहरूसँग सम्बन्धित क्षेत्रका विषयका बारेमा कुराकानी गर्‍यौँ । तर, हामीले आ-आफ्नो क्षेत्रलाई

*इटालियन मार्क्सवादी ग्राम्सकीका अनुसार सबै आ-आफ्नो पेसामा दक्ष हुन्छन् र उनीहरू आफ्नै पेसामा तल्लीन हुन्छन् । बिरामी जाँच्ने चिकित्सक र खेतमा बाली लगाउने किसान आ-आफ्नो कामका लागि दक्ष छन् र उनीहरू परम्परागत बुद्धिजीवी हुन् । तर, आफ्नो पेसागत दक्षता र कार्यबाहेक सार्वजनिक हितका लागि कार्य गर्ने बुद्धिजीवी जैविक बुद्धिजीवी हुन् । समाज बदल्न हामीलाई जैविक बुद्धिजीवीको आवश्यक हुन्छ ।*

मात्र राम्रो बनाएर र त्यसका बारेमा मात्र चिन्तन गरेर सिङ्गो समाज उँभो नलाग्ने अवस्था सृजना भएको देखिन्छ । यही अवस्थाले के हामी विविध विषय र क्षेत्रसँग आबद्ध व्यक्तित्वहरू एउटा साझा चिन्तनको चौतारीमा भेला भएर सम-सामयिक विषय र समस्याका बारेमा चिन्तन मनन र भलाकुसारी गर्न सक्दैनौँ र भन्ने सोच्न बाध्य तुल्याएको छ । हामीमध्ये कोही प्राज्ञिक कर्म, कोही बौद्धिक कर्म, कोही शिक्षण कर्म, कोही पत्रकारिता कर्म, कोही जनताको सेवामा र अरु धेरै कर्मसँग आबद्ध छौँ । यी फरक कर्महरू देखिए तापनि हामी समाजबाट अलग्ग र टाढा भने छैनौँ ।

यही सेरोफेरोमा कुरा गर्दा म एन्टोनी ग्राम्सकीलाई सम्झन्छु । उनको परम्परागत र अर्गानिक बुद्धिजीवीको (Traditional and Organic intellectual) भिन्नतालाई स्मरण गर्छु । इटालियन मार्क्सवादी ग्राम्सकीका अनुसार सबै आ-आफ्नो पेसामा दक्ष हुन्छन् र उनीहरू आफ्नै पेसामा तल्लीन हुन्छन् । बिरामी जाँच्ने चिकित्सक र खेतमा बाली लगाउने किसान आ-आफ्नो कामका लागि दक्ष छन् र उनीहरू परम्परागत बुद्धिजीवी हुन् । तर, आफ्नो पेसागत दक्षता र कार्यबाहेक सार्वजनिक हितका लागि कार्य गर्ने बुद्धिजीवी जैविक बुद्धिजीवी हुन् । समाज बदल्न हामीलाई जैविक बुद्धिजीवीको आवश्यक हुन्छ ।

भारतीय इतिहासकार रोमिला थाप्पर र प्यालेस्टिनी विद्वान् एडवार्ड सइदको सार्वजनिक बुद्धिजीवी (Public Intellectual) को महत्त्वका बारेमा सम्झन्छु । थाप्पर सत्ता र यथास्थितिलाई जोड दिनुहुन्छ भने सइद निमुखा र आवाजविहीनहरूको प्रतिनिधित्व बुद्धिजीवीले गर्नुपर्नेमा जोड दिनुहुन्छ ।

बेलायती इस्ट इन्डिया कम्पनीको भारती जनताविरुद्धका नीतिहरूको आवाज बुलन्द गर्ने राजा राममोहन राय र भारतमा आर्थिक राष्ट्रवादको जननी मानिने उद्योगपति दादाभाइ नाराओजीलाई सम्झन्छु । राय बङ्गाली थिए । भारतको पुनर्जागरणको प्रणेता मानिने रायले सती प्रथादेखि अन्य धेरै कुरीतिविरुद्धमा आन्दोलन चलाए । उद्योगपति नाराओजीले ब्रिटिस साम्राज्यको आर्थिक शोषणका कारण भारत र भारतीय जनता कङ्गाल हुनुपरेको भन्दै बेलायती साम्राज्यको विरोधमा आर्थिक राष्ट्रवादको झन्डा उचाले जसले गर्दा सन् १८८५ मा भारतीय राष्ट्रिय काङ्ग्रेस गठन हुन मद्दत गर्‍यो । भारतलाई बेलायती साम्राज्यबाट मुक्त गर्न सन् १९४७ मा त्यही भारतीय राष्ट्रिय काङ्ग्रेसले महत्त्वपूर्ण भूमिका खेल्यो ।

त्यस्तै, युरोपको प्रबोद्धन र पुनर्जागरणको युग जसमा दार्शनिक, विद्वत वर्ग र चिन्तकहरूले तात्कालीन समाजमा मठाधीस र धर्म गुरुहरूले सृजना गरेको गलत भाष्यलाई चुनौती दिएका थिए । त्यही चुनौती र

*प्रवोद्धन युगका एक महान् दार्शनिक इम्यायुल कान्त Private use of Reason / Public use of Reason लाई सम्झन्छु । कान्तका अनुसार आ-आफ्नो पेसागत कर्ममा निश्चित अवधिमा लाग्नु आफ्नो बुद्धि विवेकको निजी प्रयोग हो । तर, त्यस निश्चित अवधिपश्चात् जब सिङ्गो समाजका लागि उसले आफ्नो बुद्धि विवेकको प्रयोग गर्छ त्यो सार्वजनिक प्रयोग हो ।*

उनीहरूको अदम्य साहसले युरोपमा विज्ञानको युग सुरु हुन मद्दत गर्‍यो । प्रवोद्धन युगका एक महान् दार्शनिक इम्यायुल कान्त Private use of Reason / Public use of Reason लाई सम्झन्छु । कान्तका अनुसार आ-आफ्नो पेसागत कर्ममा निश्चित अवधिमा लाग्नु आफ्नो बुद्धि विवेकको निजी प्रयोग हो । तर, त्यस निश्चित अवधिपश्चात् जब सिङ्गो समाजका लागि उसले आफ्नो बुद्धि विवेकको प्रयोग गर्छ त्यो सार्वजनिक प्रयोग हो । सत्यको लागि विष पिउनु तयार हुने युनानी महान् दार्शनिक सुकरातलाई सम्झन्छु जसले युवाहरूलाई प्रश्न गर्न प्रेरित गरे ।

कुरीति र अन्यायको बारेमा चुप नलाग्ने हाम्रै आफ्नै परम्परा पनि छ । १०४ वर्षको राणा शासकलाई हाँक दिने यस्तै सार्वजनिक बुद्धिजीवीहरू हुन् । भक्तपुरको कुरा गर्दा वैश्विक परिवेशमा एसियाको एक निमुखा देश भियतनाममाथि अमेरिकी साम्राज्यवादले गरेको अत्याचारको विरोधमा यहाँका गल्ली र बजारहरूमा आवाज गुञ्जियो । त्रिविका पूर्वविद्वान् प्राध्यापक कमलप्रकाश मल्लले नेपालको बौद्धिक परम्पराका बारेको विशेष निबन्धमा भारतको



योगेन्द्रमान बिजुक्छें

मगधस्थित विक्रमशीला महाविद्यालयमा अध्यापन गर्नुहुने रत्न कृति, विरोचन र कनकश्रीजस्ता विद्वान्हरूका बारेमा चर्चा गर्नुभएको छ । मगधमा मुस्लिम शासकको आक्रमणपछि विक्रमाशिलाका अर्का विद्वान् पण्डित बुद्धश्री अथाह पुस्तक, अभिलेख र आफ्ना शिष्यहरूसँग नेपाल फर्केको (विशेष गरी भक्तपुर) अवस्था र प्रसङ्गलाई मल्लले युरोपको पुनर्जागरणको घटनासँग तुलना गर्नुभएको छ ।

नेपालको आजको राजनीतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, भूराजनीतिक र वैश्विक परिवेशमा व्यापक उत्तारचढाव आइरहेको तथ्यलाई हामीले टुलुटुलु मात्र हेरिरहन मिल्छ र ? प्रजातान्त्रिक व्यवस्थाको देशमा सत्तालाई प्रश्न नगर, पुराना सबैको काम छैन, हामी जे गर्दै छौँ ठीक गर्दै छौँ नियतमा शङ्का नगरजस्ता भाष्य सृजना गरी आम मानिसको आवाज थुन्ने कोशिश भइरहेको छ । धर्म निरपेक्ष राज्यको सरकार प्रमुख र मन्त्रीहरूले अमुक धर्मलाई आम जनतामा लाड्ने दुष्प्रयास गरिरहेको अवस्था छ । युवाको देश पलायन रोक्न सकेको छैन । जनताका दैनिकी समस्या झन्झन् विकराल हुँदै छ । तर, अल्गोरिडम रूपी टुना मुनाले आम मानिसलाई दिग्भ्रमित तुल्याउँदै छ । वैश्विक परिवेशमा आम नरसंहारक राज्यहरूको पक्षमा युवाहरूलाई मोहित पार्ने काम भइरहेको छ । यस्तो वर्तमान परिवेशमा हाम्रो भूमिका के हुनुपर्छ भन्नेबारेमा चिन्तन मनन गर्न ढिलाइ गर्नु हुँदैनजस्तो लाग्छ ।

*(वर्तमान परिप्रेक्ष्यमा बौद्धिक व्यक्तित्वहरूको भूमिकाबारे मङ्गलबार असोज २७ गते आयोजित भेलामा निमन्त्रणकर्ताको तर्फबाट योगेन्द्रमान बिजुक्छेँले कार्यक्रमको औचित्यबारे प्रस्ट पार्दै दिनुभएको स्वागत मन्तव्य -सम्पादक)*

# स्वेच्छाचारिता सुशासन होइन

हरेक नयाँ सरकारले जनताको विश्वास लिन भ्रष्टाचार अन्त्य गर्ने, सुशासन गर्ने, भ्रष्टाचारीमाथि कारबाही गर्ने, विकास गर्ने प्रतिबद्धता व्यक्त गरेको हुन्छ । विगतमा भएको बेथिति, कुशासन अन्त्य गर्ने बाचाका साथ गठन भएको सरकारले समय बिते सँगै यी बाचा छायामा पर्छ या कागज र भाषणमा मात्र सिमित हुन्छ । सरकारले सुशासनलाई जनताको मन जित्ने आधार बनाए पनि त्यो व्यवहारमा देखिँदैन । हो, सत्तारुढ दलका नेता र मन्त्रीहरू उत्तरदायी र जवाफदेही हुनुपर्छ; यसमा दुईमत छैन । जवाफदेही भएन भने 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भनेझैँ हुन्छ । सरकार सुशासनतर्फ अघि बढिरहेको छ कि छैन भनी हेर्ने आधार उसले गरेको बाचा र बाचासँगै भएको काम या व्यवहार हो । कुनै सरकार शक्तिको मातमा चढेर स्वेच्छाचारितर्फ लाग्छ भने त्यहाँ सुशासन हुँदैन । स्वेच्छाचारिता सुशासनको विपरीत छ । यसले प्रजातान्त्रिक मूल्य र मान्यतालाई कमजोर बनाउँछ ।

सुशासनको एउटा सुन्दर पक्ष प्रक्रियाको पारदर्शिता हो । प्रक्रिया पारदर्शी भएन भने नियतमाथि शङ्का उत्पन्न हुन्छ । सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संस्थाले देशको कुन कुन जिल्ला, नगर र गाउँमा कुन कुन देशबाट सञ्चालित के कस्ता संस्थाहरूले के काममा कति बजेटको काम गरिरहेका छन् ? सोको जानकारी सार्वजनिक गर्नुपर्छ । प्रक्रिया पारदर्शी नभइकन देशम सुशासन छ भनेर कसरी विश्वास गर्ने ? सरकारको नीति नै पारदर्शी नभएपछि प्रक्रिया कसरी पारदर्शी हुन्छ ? कुशासनका बेथितिहरूको चाङ बढेपछि सुशासनमा मात्र होइन प्रजातान्त्रिक मूल्य र मान्यतामा पनि दाग लाग्छ । यसले जनतामा असन्तोष बढाउँछ ।

सरकारले सामन्त, जमिनदार, प्रतिक्रियावादी, कालाबजारी, भ्रष्टाचारी, अपराधी, धनाढ्यको हित र सेवा हेर्ने होइन । उसको प्राथमिकता देशका मजदुर, किसान, उत्पीडित, शोषितपीडित तथा कमजोर समुदायको हित र सेवातर्फ केन्द्रित हुनुपर्छ । सरकारले श्रमजीवीवर्गको पक्षमा राजनीति नगरेसम्म, ऐनकानुन नबनाएसम्म देशमा सुशासन सम्भव छैन । बहुमत या शक्तिशाली सरकारको बखान गरेर दबाउने, थिच्ने, मिच्ने काम पक्कै पनि प्रजातन्त्रिक प्रक्रिया भित्र पर्दैन । बहुमत जनताको सेवा नगर्ने सरकार र सत्तारुढ दलले श्रमजीवीवर्गको प्रतिनिधित्व गर्दैनन् । जनताको सेवामा सरकार समर्पित छैन भने देशमा कसरी सुशासन छ भनेर विश्वास गर्ने ?

सिंहदरबारबाट सरकार सञ्चालन हुनु स्वाभाविक हो । तर, सरकारले प्रदेश र स्थानीय तहलाई बेवास्ता गर्छ; प्रदेश र स्थानीय तहको अधिकारमा हस्तक्षेप गर्छ भने त्यो सङ्घीय अवधारण विपरीत हुने छ । सङ्घले स्थानीय तहलाई हरेक हिसाबले मजबुत बनाउनुपर्छ । स्थानीय सरकार बलियो नभइकन, स्थानीय तहमार्फत विकास योजना अघि नबढाइसम्म देश विकासको सपना पूरा

बाँकी पृष्ठ ७ मा

# स्थानीय उपभोक्ताहरूको भावनाबमोजिम देको मिवा इतापाके आयोजनाबाट निर्णय

सुमन

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनाका स्थानीय उपभोक्ताहरूको भावनालाई समेटेर उपभोक्ता समिति र आयोजना व्यवस्थापन उपसमितिले उपभोक्ताको हितमा निर्णय गरेको छ । कुल १६५४ रोपनी क्षेत्रफलमा फैलिएको उक्त आयोजनाले भौतिक पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिएसँगै स्थानीय उपभोक्ताहरूका जायज मागहरू सम्बोधन गर्ने क्रममा नयाँ निर्णयहरू गरेको आयोजनाको कार्यालयले जनाएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुखको अध्यक्षतामा २०८३ असोज २६ गते बसेको व्यवस्थापन उपसमितिको बैठकले आयोजना क्षेत्रमा आयोजना सुरु हुनुअघि नै घर निर्माण गरी आयोजनाको स्वीकृत नापी नक्सामा घर जनिएका कित्ताहरूको हकमा थप जग्गाबापत आयोजनाले यसअघि सुविधास्वरूप २० प्रतिशत छुट दिँदै आएकोमा थप १० प्रतिशत समेत गरी आयोजनाले तोकेको मूल्यमा ३० प्रतिशत छुट दिने निर्णय गरेको छ । घरलाई थपेको जग्गाको मूल्यको सम्बन्धमा लामो समयदेखि स्थानीय उपभोक्ताहरूले सहुलियत प्रदान गर्न आयोजना र नगरपालिकाको कार्यालयमा आग्रह गर्दै आएकोमा जनभावनाबमोजिम जग्गाधनी प्रमाणपुर्जा अर्थात् लालपुर्जा लिन बाँकी कित्ताहरूको हकमा थप सुविधा दिने निर्णय भएको स्रोतले बताएको छ ।

आयोजना क्षेत्रभित्रका जग्गालाई थपेर दिएको जग्गाको आयोजना मूल्यमा १० प्रतिशत छुट यथावत नै रहेको आयोजनाका निमित्त प्रमुख ई. दयाप्रसाद न्याइच्याईले बताउनुभयो । उहाँले जनताका सामूहिक तथा व्यक्तिगत गुनासो सुनुवाइ गर्ने क्रममा र आयोजना पीडित सङ्घर्ष समितिका प्रतिनिधिहरूसँगको निरन्तर सकारात्मक वार्ताको आधारमा आयोजनापूर्व नै नगरपालिकाको नियमानुसार नक्सापास गरी घर बनाइएका कित्ताहरूमा पुन: निर्माण गर्दा साबिक घर निर्माण भएको क्षेत्रफलभन्दा कम हुन गएमा र निजलाई अन्यत्र थप जग्गा प्रदान नगरेमा साबिकबमोजिम नै घर निर्माण गर्ने सुविधा दिने निर्णय भएको र नगरपालिकाले उक्त निर्णयलाई कार्यान्वयनसमेत गर्न थालेको प्रस्ट पार्नुभयो ।

यसका अतिरिक्त आयोजनाअन्तर्गतका भित्री सडकहरूमा घरलाइन दिन सकिने कित्ता र क्षेत्रहरूको पहिचान गरी ती कित्ता र क्षेत्रहरूमा नयाँ घर निर्माण गर्दा घरलाइनको सुविधा दिने र त्यसका लागि भक्तपुर नगरपालिकामा अनुरोध गर्ने निर्णय भएको उल्लेख गर्नुभयो । नगर प्रमुखकै अध्यक्षतामा आयोजना व्यवस्थापन उपसमितिबाट निर्णय भएकोले नगरपालिकाबाट सहज रूपमा कार्यान्वयन हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको नेतृत्वमा रहेको भक्तपुर नगरपालिकाले काम गरी खाने किसान र मजदुरहरूको हितलाई सधैँभरि पहिलो प्राथमिकतामा राखेर कार्य गर्दै आएको छ । विकास निर्माणका हरेक कार्यमा जनताकै सुझाव, जनताकै सहभागिता र जनताकै अपनत्व कायम हुनेमा जोड दिन्छ । तसर्थ, देको-मिवा-इतापाके आयोजना क्षेत्रमा घर तथा जग्गा पर्ने किसानहरूको भावनाबमोजिम नै आयोजना उपभोक्ता समिति र व्यवस्थापन उपसमितिले जनहितमा निर्णय गर्दै आएको छ ।

समितिले आयोजना क्षेत्रभित्र पर्ने नगरकोट सडकसँग जोडिएका घर/जग्गा कित्ताको हकमा १८ मिटरभन्दा बढी गहिराइमा जग्गा थप गरिएको र पछाडि सहायक सडक जोडिएमा सोही सहायक सडकको आधारमा थप जग्गाको मूल्याङ्कन गर्ने, साथै १८ मिटरभन्दा बढी गहिराइमा जग्गा थप गरिएको तर पछाडि सहायक सडक नजोडिएको कित्ताको हकमा ७ मिटरको सडकको आधारमा थप जग्गाको मूल्याङ्कन गर्ने निर्णय गरेको छ । नगरकोट सडकसँग जोडिएका घर जग्गाको कित्तामा जग्गा थप गरिएको र उक्त कित्तासँग दायाँ वा बायाँ सडक जोडिएको हकमा दायाँ वा बायाँको सडकलाई पनि सहायक सडक मानी थप जग्गाको मूल्याङ्कन गर्ने निर्णय भएको आयोजनाको कार्यालयले बताएको छ । यस निर्णयले नगरकोट सडकको छेउमा घर/जग्गा भएका र जग्गा थप गरिएका उपभोक्ताहरूलाई राहत पुग्ने आयोजनाले विश्वास गरेको छ ।

नगरकोट सडकको छेउमा घर रहेका कित्ताहरूमा थप गरिएको जग्गाको हकमा जग्गाको मूल्य बढेको गुनासो गर्नुहुने उपभोक्ताहरूको न्यायोचित मागलाई सम्बोधन गर्ने क्रममा उपभोक्ता समिति र व्यवस्थापन उपसमितिले उक्त निर्णय गरेको आयोजना प्रमुखले बताउनुभयो । उहाँले नगरकोट सडक छेउमा घरमा थपेको जग्गामा छुट दिने सुविधा र सोही थप जग्गालाई सहायक सडकको आधारमा मूल्याङ्कन गर्ने सुविधामध्ये जुन बढी हुन्छ, त्यो एउटा सुविधा प्रदान गर्ने निर्णय भएको प्रस्ट पार्नुभयो । आयोजना प्रमुखले स्थानीय जनताको मागबमोजिम थप जग्गाको रकम यही माघ मसान्तभित्र एकमुष्ट वा पहिलो किस्ता तिर्ने गरी तीन किस्तामा भुक्तानी गर्न सकिने सुविधा प्रदान गरेको जानकारी दिनुभयो ।

नगरकोट सडकसँग जोडिएका घर/जग्गाका उपभोक्ताहरूसँग निरन्तर छलफल र संवाद भइरहेको उल्लेख गर्दै आयोजना प्रमुख न्याइच्याईले नगरकोट सडकसँग जोडिएका कुनै पनि कित्तामा पूर्वाधारवापत योगदान कटौती नगरिएको प्रस्ट पार्नुभयो । उहाँले प्राविधिक त्रुटिका कारण यदि कुनै कित्तामा योगदान कटौती भएमा त्यसलाई सच्याइने पनि जानकारी दिनुभयो ।

नेपाल सरकारको बजेटबाट नगरकोट सडक फराकिलो र पक्की भइसकेको भए तापनि केही क्षेत्रमा अझै पनि ढल-निकास र खानेपानीको पूर्वाधार निर्माण गर्न बाँकी नै रहेको र ती कामहरू आयोजनाबाट गर्दै आएको उहाँको भनाइ थियो । यससँगै आयोजनाको सम्पूर्ण क्षेत्रमा विद्युतीकरण कार्य गर्न नेपाल विद्युत् प्राधिकरणसँग लागत साझेदारीका लागि पत्राचार भइसकेको र खानेपानीको व्यवस्थापनको कार्य धमाधम भइरहेको उहाँले बताउनुभयो । त्यस क्षेत्रमा घर-घरबाट निस्कने फोहर पानीको निकास र आकासे पानीको सुरक्षित निकासको अलग्ग व्यवस्था गरिएको आयोजनाको कार्यालयले जानकारी दिएको छ । आयोजना क्षेत्रमै फोहर पानीको वैज्ञानिक ढङ्गले उपचार गर्ने पोखरीहरू निर्माण कार्य भइरहेकोले खासाङखुसुङ खोलाको प्रदूषण नियन्त्रण कार्य पनि सँगसँगै हुने बताइएको छ । खोला किनारमा कटान नियन्त्रण गरी हरियाली व्यवस्थापनको कार्य पनि चालू रहेको जनाइएको छ ।

भक्तपुर नगरपालिकाले पुरानो नगर क्षेत्रमा जनसङ्ख्या वृद्धिसँगै वरपरका क्षेत्रहरूलाई आधुनिक सुविधासहित आवासीय क्षेत्र बनाउने उद्देश्यले कमलविनायक, लिबाली र तुमचो दुगुरे चोखा क्षेत्रमा जग्गा एकीकरण आयोजना सञ्चालन गरेको थियो । २०७२ सालको भूकम्पको समयमा नगरवासीहरूले नगरपालिकाद्वारा सञ्चालित आवास योजनाहरूको महत्त्व बुझेर आ-आफ्नो अनुकूलतामा घर बनाउन थालेको देखिन्छ । ख्वप इन्जिनियरिङ कलेजलगायतका कलेज र विद्यालयहरूको स्थापना र सञ्चालनले गर्दा लिबाली क्षेत्रमा बस्ती विकाससँगै आर्थिक-सामाजिक क्रियाकलापहरू बढ्न थालेको सबैले अनुभव गरेका छन् ।

त्यस्तै, ख्वप अस्पताल, भक्तपुर जिल्ला अदालत, भक्तपुर जिल्ला भूमि प्रशासन कार्यालय, नापी कार्यालय, वागीश्वरी कलेजलगायतका सरकारी र सार्वजनिक संस्थाहरूको उपस्थितिले त्यस क्षेत्रमा धेरैका लागि आर्थिक गतिविधिको केन्द्र बन्न थालेको छ । कमलविनायक आवास क्षेत्रमा पनि नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रसँगै थुप्रै विद्यालयहरूको स्थापना एवं व्यापारिक केन्द्रहरू सञ्चालन गरिँदा भक्तपुरका मात्र नभई बाहिरी जिल्लाका जनताको बसाइँसराइको चाप बढेको छ ।

देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रमा ख्वप कलेज, प्रभात मावि, बासु मावि लगायत थुप्रै शैक्षिक संस्थाहरू चलिरहेका छन् । यसै क्षेत्रमा भक्तपुर नगरवासीहरूको सपनाको रूपमा रहेको भव्य अडिटोरियम हलका साथै सांस्कृतिक प्रशिक्षण केन्द्रहरू रहने गरी अरनिको सभाभवनको निर्माण कार्यले तीव्रता पाइरहेको छ । हाल दरबार क्षेत्रमा रहेको जिल्लाको प्रमुख प्रशासनिक केन्द्र जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयसमेत सोही क्षेत्रमा स्थानान्तरण गर्ने कार्य अघि बढेको सन्दर्भमा देको-मिवा-इतापाके आवास क्षेत्र अर्को महत्त्वपूर्ण आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक केन्द्र बन्ने निश्चित छ ।

देशभरि नै आवास योजना सञ्चालन गरिएका ठाउँहरूमा गुठी अधिनस्थ जग्गाको विषयमा लामो समयदेखि समस्या रहेको र देको-मिवा-आवास क्षेत्रमा पनि नीतिअनुसार कट्टी गर्दा ३५ रोपनीभन्दा बढी जग्गा गुठी अधिनस्थ फिर्ता हुन बाँकी रहेका मोही किसानहरूलाई समस्या परिरहेको सन्दर्भमा नगरपालिकामार्फत नेपाल सरकार र गुठी संस्थानलाई पटक-पटक समस्या समाधानको लागि पहल गर्न ताकेता गरिएको थियो ।

सरकारको तर्फबाट भर्खरै जारी गरिएको भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश २०८३ जारी भएपछि गुठी अधिनस्थ जग्गासम्बन्धी समस्या समाधान गर्न सकिने विश्वास लिइएको छ । अध्यादेशको दफा ४२ (ख) मा 'नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले गुठी अधिनस्थ जग्गासमेत पर्ने गरी जग्गा एकीकरण आयोजना सञ्चालन गरेमा गुठी संस्थानले प्राकृतिक व्यक्ति सरह योगदान गर्नुपर्नेछ' भन्ने बुँदा थप गरिएको छ । यस व्यवस्थाले देको-मिवा-इतापाके आयोजनामा परेका गुठी अधिनस्थ जग्गाहरूमा समेत व्यक्तिसरह समान योगदान कटौती हुने र यसबाट मोही किसानलाई राहत पुग्ने प्रस्ट छ । अध्यादेशको व्यवस्थाबमोजिम आयोजनाको कार्यालयबाट गुठी अधिनस्थ जग्गाको मोहीहरूलाई जग्गा फिर्ता गरी पुर्जा वितरणमा सहजीकरण गर्ने आयोजना प्रमुखले बताउनुभयो ।

# जीवनको विश्वविद्यालय, दु:खको कसी र चेतनाको रूपान्तरण

इकुश्रे

मानव सभ्यताको विकासक्रममा ज्ञानका दुईवटा धाराहरू निरन्तर बहँदै आएका छन्, एउटा औपचारिक शिक्षा वा पुस्तकीय ज्ञान र अर्को जीवनको जीवन्त अनुभव । मानिसले पुस्तक पढेर परीक्षा उत्तीर्ण गर्ला, ठूला-ठूला शैक्षिक उपाधिहरू हासिल गर्ला र समाजमा आफूलाई 'विद्वान्' वा 'शिक्षित' भनेर चिनाउला । तर पुस्तकीय ज्ञान सूचना र बुद्धिमत्ताको सङ्ग्रह मात्र हो । यो जीवनको साक्षात् अनुभूति होइन । पुस्तकले मानिसलाई पौडी कसरी खेल्ने भन्ने सिद्धान्त सिकाउन सक्छ तर पानीको गहिराइ, लहरहरूको वेग र डुब्ने डरको सामना गर्न त पोखरी वा नदीमै ओर्लिनुपर्छ ।

जीवन आफैँमा एउटा विशाल र अजस्र विश्वविद्यालय हो । पुस्तकीय शिक्षाले मानिसलाई जीविकोपार्जनका लागि योग्य बनाउला, शैक्षिक योग्यता बढाउला, तर जीवनलाई परिपक्व र सार्थक बनाउने काम भने जीवनको पुस्तकले नै गर्छ । जर्मन दार्शनिक इम्मानुएल कान्टले भनेका थिए कि हाम्रा सबै ज्ञान अनुभवबाटै सुरु हुन्छन् । तर ती अनुभवहरू बाह्य संसारका तथ्याङ्क मात्र होइनन्, मानिसले आफ्नै अस्तित्वभित्र भोगेका र पचाएका यथार्थहरू हुन् । त्यसैले शैक्षिक योग्यता हुनु र जीवन परिपक्व हुनुमा आकाश-पातालको फरक छ ।

सामान्यतया मानिसहरू सुख, फाइदा, पद, प्रतिष्ठा र प्राप्तिलाई नै सफलता र जीवनको उपलब्धि मान्छन् । तर, दार्शनिक दृष्टिकोणबाट हेर्दा, सुख प्राप्तिले मानिसलाई परिपक्व होइन, प्राय: असावधान र निर्दयी बनाउँछ । सुखले मानिसलाई सुविधाको घेराभित्र थुनिदिन्छ, जहाँ चेतना सुप्त अवस्थामा रहन्छ । जब जीवनमा निरन्तर सुख र फाइदा मात्र मिल्छ, मानिसमा अहङ्कार र अज्ञानताको बाक्लो तह जम्न थाल्छ । जीवनलाई परिपक्व, गम्भीर र विशाल बनाउने असली कसी भनेका परिस्थितिवश सामना गर्नुपरेका दु:ख, सङ्कट, बेफाइदा र गुमाइ हुन् । दु:ख र सङ्घर्ष त्यो अग्निकुण्ड हो, जसले मानिसभित्रको कच्चा धातुलाई पखालेर शुद्ध सुन बनाउँछ ।

श्रीमद्भगवद्गीतामा श्रीकृष्णले जसको मन दु:ख पर्दा विचलित हुँदैन र सुखमा जसको लालसा वा आसक्ति रहँदैन, त्यही मानिसलाई स्थिरबुद्धि वा परिपक्व मानिने कुरा बताउनुभएको छ । गीताका अनुसार दु:ख भनेको आत्मालाई जगाउने र चेतनालाई अज्ञानताको निद्राबाट उठाउने धक्का हो । पाश्चात्य दार्शनिक आर्थर शोपेनहावरको विचारमा पनि दु:ख जीवनको अनिवार्य र मूलभूत सत्य हो । सुख त दु:खको तात्कालिक अनुपस्थिति मात्र हो । दु:खले मात्रै मानिसलाई आत्मसमीक्षा गर्न बाध्य तुल्याउँछ । जर्मन दार्शनिक फ्रेडरिक नित्सेले पनि जसले मानिसलाई मार्दैन, त्यसैले उसलाई अझ बलियो र परिपक्व बनाउँछ भन्ने विचार व्यक्त गरेका थिए । बुद्ध दर्शनमा पनि 'दु:ख आर्यसत्य' लाई प्रथम सत्य मानिएको छ । संसारको नश्वरता, प्रियजनको वियोग, र अनिच्छापूर्वक भोग्नुपर्ने सङ्कटहरूले नै मानिसलाई सांसारिक मोहबाट मुक्त गराई बुद्धत्व वा परम ज्ञानतर्फ दोहोऱ्याउँछन् ।

समाजमा पद र प्रशंसालाई उच्च स्थान दिइन्छ । तर विडम्बना के छ भने, पद र प्रशंसाले धेरैजसो मानिसलाई विवेकशील मानिस बनाउनुको सट्टा अहङ्कारी, स्वार्थी र पाप-कर्ममा प्रवृत्त गराएको देखिन्छ । जब मानिसलाई अधिकार, शक्ति र निरन्तर प्रशंसा मिल्छ उसमा 'म' भन्ने अहङ्कारको भ्रम यति विशाल हुन्छ कि उसले आफूलाई सर्वोपरि मान्न थाल्छ । ग्रीक दर्शनमा यसलाई 'ह्युब्रिस' अर्थात् अत्यधिक अहङ्कार र घमण्ड भनिएको छ, जसले अन्तत: मानिसको पतन गराउँछ । प्राचीन ग्रीक दार्शनिक प्लेटोले आफ्नो प्रसिद्ध ग्रन्थ 'द रिपब्लिक' मा अधिकार र पद पाउनेबित्तिकै मानिसको असली चरित्र प्रकट हुने चेतावनी दिएका छन् । शक्तिले मानिसको विवेकलाई अन्धो बनाइदिन्छ । यदि पदसँगै कडा नैतिक अनुशासन र ज्ञान भएन भने, शक्तिप्राप्त मानिस तानाशाह र पापी बन्न पुग्छ ।

पूर्वीय नीतिशास्त्रहरूमा सच्चा ज्ञानले नम्रता ल्याउने कुरा भनिएको छ । तर, जब ज्ञान वा पदले मानिसमा अहङ्कार र घमण्ड पैदा गर्छ, त्यो ज्ञान होइन, अज्ञानताको अभिव्यक्ति हो । गोस्वामी तुलसीदासँले रामचरितमानसमा अधिकार वा शक्ति पाएर घमण्ड नगर्ने मानिस संसारमा विरलै हुने उल्लेख गर्नुभएको छ । पद र प्रशंसाले मानिसलाई बाह्य रूपमा अग्लो त देखाउँछ तर आन्तरिक रूपमा उसको पतन गराउँछ । जब मानिस प्रशंसाको भोको हुन्छ, उसले सत्य बोल्न छाड्छ, चाटुकारितामा रमाउँछ र आफ्नो स्वार्थका लागि अरूको अधिकार खोस्न वा पाप कर्म गर्न पनि हिचकिचाउँदैन ।

उमेर बढ्नु वा बुढ्यौली आउनु केवल एउटा जैविक प्रक्रिया हो, तर उमेरसँगै ज्ञानी, निर्लोभी र नम्र बन्नु चेतनाको उच्च विकास हो । समयको प्रवाहसँगै मानिसहरूको जीवनयात्रा दुई फरक दिशातर्फ मोडिएको देखिन्छ । कतिपय मानिसहरू जीवनका अनेक थप्पडहरू खाएर, सुख-दु:खको घामछायाँ भोगेर र गुमाइको पीडा बुझेर ज्ञानी बन्छन् । उनीहरूलाई बोध हुन्छ कि यो संसार क्षणभङ्गुर छ । यहाँ न त पद स्थायी छ, न धन, न त यो शरीर नै । यस्तो आत्मबोध भएपछि उनीहरूभित्र लोभ, मोह र क्रोध पखालिन्छ । उनीहरू रूखजस्तै बन्छन्– जसरी फल लागेपछि रूख निहुरिन्छ, त्यसरी नै ज्ञान पाएपछि उनीहरू झन् नम्र, दयालु र निर्लोभी बन्छन् । ग्रीक दार्शनिक सोक्रेटसले "मलाई यति मात्र थाहा छ कि मलाई केही पनि थाहा छैन" भनेर जुन अभिव्यक्ति दिएका थिए, त्यो उच्च नम्रता जीवन र जगत्लाई गहिरोसँग बुझेपछि मात्र आउँछ । यस्ता व्यक्तिहरू आफ्ना गल्तीहरू स्वीकार गर्छन् र अन्तिम समयसम्म पनि आफ्ना आन्तरिक दोषहरू सफा गर्दै शान्त र तृप्त भएर इहलीला समाप्त गर्छन् ।

तर दुखद यथार्थ के हो भने, कतिपय मानिसहरू मर्ने बेलासम्म पनि सुध्रिँदैनन् । उनीहरूको उमेर त बढ्छ, तर चेतनाको स्तर जहाँको त्यहीँ रहन्छ । उनीहरू गलत बुझाइ, साँघुरो सोचाइ र क्षुद्र स्वार्थको घेराभित्रै बाँचिरहन्छन् । महाकवि भर्तृहरिले आफ्ना श्लोकहरूमा मानिसको यो चरित्रको सटीक वर्णन गर्दै लेख्नुभएको छ, शरीर जीर्ण भइसक्यो, कपाल पाक्यो, मुखका दाँत झरे, लौरोको सहारामा हिँड्नुपर्ने भयो तर पनि मानिसको मनभित्रको तृष्णा र लोभ भने नमरेर झन् बलियो हुँदै जान्छ । यो वर्गका मानिसहरू जीवनभर पद, पैसा र प्रतिष्ठाको पछाडि दौडिरहन्छन् । उनीहरूले भोगेका दु:खहरूबाट पनि उनीहरूले कुनै शिक्षा लिँदैनन्, बरु ती दु:खका लागि अरूलाई दोष दिँदै ईर्ष्या र द्वेषमा जलिरहन्छन् । उनीहरूको साँघुरो सोचाइले उनीहरूलाई आफ्नै स्वार्थभन्दा बाहिर हेर्न दिँदैन । अन्तत:, जीवनको अन्तिम क्षणमा आइपुग्दा पनि उनीहरू पश्चात्ताप, अज्ञानता र मोहकै भुमरीमा परेर संसारबाट बिदा हुन्छन् ।

यस सत्यलाई इतिहास र दर्शनका विभिन्न दृष्टान्तहरूले पुष्टि गर्छन् । सम्राट अशोकसँग ठूलो साम्राज्य, असीम पद र प्रशंसा थियो । तर ती प्राप्तिहरूले उनलाई परिपक्व वा महान् बनाउन सकेका थिएनन् । कलिङ युद्धको भीषण संहार, मानिसहरूको आर्तनाद, मृत्यु र अपार गुमाइको सामना गरेपछि मात्र अशोकको चेतना बदलियो । दु:ख र विनाशको त्यो प्रत्यक्ष अनुभवले उनलाई अहङ्कारी राजाबाट करुणावान् र बुद्धका अनुयायीमा रूपान्तरित गरिदियो । राजकुमार सिद्धार्थ गौतमसँग दरबारको सुख, वैभव र फाइदाका सबै साधन थिए तर ती सुखले उनलाई सन्तुष्टि दिएनन् । जब उनले जीवनका दु:ख र क्षयशील रूपहरू देखे, तब मात्र उनीभित्र सत्यको खोजी गर्ने तीव्र व्याकुलता जाग्यो । दु:खको बोध नै उनको बुद्धत्वको प्रस्थानबिन्दु बन्यो ।

अर्कोतर्फ, महाभारतका पात्र धृतराष्ट्र जीवनको अधिकांश समय विवेकहीन पुत्रमोह, सत्ताको लालसा र चेतनाको साँघुरो सोचाइमा बन्दी बनेका थिए । विदुर र कृष्णजस्ता ज्ञानीहरूको निरन्तर उपदेश र कुरुक्षेत्रको विनाशकारी युद्ध भोग्दा पनि उनी लामो समयसम्म आफ्नो आन्तरिक मोहबाट मुक्त हुन सकेनन् ।

बाँकी पृष्ठ ७ मा




एसियाली देश थाइल्यान्डको राजधानी बैङ्ककमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले ऋण सहयोगको नाममा देशको आर्थिक तथा वित्तीय नीति परिवर्तन गर्न दिइरहेको दबाबको विरोधमा प्रदर्शन गर्दै युवा विद्यार्थी तथा सामाजिक कार्यकर्ताहरू अक्टोबर १७, २०२६ को दिन । *तस्बिर : एएफपी*

# सहायता कटौतीले अफगानिस्तानमा कुपोषण सङ्कट चर्कियो

काबुल, १७ अक्टोबर (एपी) । अन्तर्राष्ट्रिय सहायता कटौती र खाद्यान्नको मूल्यवृद्धिका कारण अफगानिस्तानमा भोकमरी तथा कुपोषण तीव्र रूपमा बढेको छ । आगामी वर्ष ५३ लाख महिला तथा बालबालिकालाई कुपोषणको उपचार आवश्यक पर्ने अनुमान गरिएको छ । तर, आर्थिक अभावका कारण गम्भीर कुपोषण भएका बिरामीले समेत पर्याप्त उपचार पाउन सकेका छैनन् ।

काबुलस्थित इन्दिरा गान्धी बाल स्वास्थ्य संस्थानको कुपोषण उपचार कक्षका सबै २० शय्या भरिएका छन् । तीन वर्षीया कलसौम त्यहीं उपचाररत छिन् । उनकी आमा मलिकाले केही महिनाअघि पाँच वर्षीया छोरी खदिजालाई पनि कुपोषणकै कारण गुमाउनुभएको थियो । दुवै छोरीका हातखुट्टा पातला भए पनि हात, खुट्टा र पेट सुन्निएका थिए र यो शरीरमा प्रोटिनको गम्भीर कमीका लक्षण हुन् ।

“म कान्छी छोरीको जीवनलाई लिएर चिन्तित छु । उनको पनि मृत्यु हुन सक्छ,” २५ वर्षीया मलिकाले आँसु पुछ्दै भन्नुभयो । उहाँका श्रीमान् दैनिक ज्यालादारीमा काम गर्नुहुन्छ । काम पाएको दिन तीनदेखि चार दशमलव ६० अमेरिकी डलरसम्म कमाइ भए पनि तीन साना छोरासहित परिवारको पेट पाल्न पर्याप्त हुँदैन ।

विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) का अफगानिस्तानस्थित देशीय निर्देशक जोन एलिफका अनुसार आगामी केही महिनामा करिब एक करोड ९० लाख मानिस अर्थात् देशको जनसङ्ख्याको झन्डै ४० प्रतिशतले जीवन जोखिममा पार्ने तीव्र भोकमरीको सामना गर्नुपर्नेछ । उहाँले तीव्र कुपोषण अभूतपूर्व स्तरमा पुगेको बताउनुभयो । आगामी वर्ष पाँच वर्षमुनिका बालबालिका र महिलासहित ५३ लाख मानिसलाई उपचार आवश्यक पर्ने अनुमान छ । यो सन् २०२२ को तुलनामा १३ लाख बढी हो ।

बिहीबार सार्वजनिक एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आईपीसी) को पछिल्लो तथ्याङ्कले बालबालिका विशेष जोखिममा रहेको देखाएको छ । विकासशील शरीरलाई बढी पोषण आवश्यक पर्ने भएकाले पर्याप्त खाना नपाउँदा उनीहरू कुपोषणबाट बढी प्रभावित हुने गरेका छन् ।

चार दशक लामो युद्ध, पाकिस्तानसँगको सीमा नाका लामो समय बन्द हुँदा व्यापारमा परेको असर, सन् २०२३ यता इरान र पाकिस्तानबाट पाँच लाखभन्दा बढी अफगान शरणार्थीको जबर्जस्ती फिर्ती तथा खडेरी, बाढी र भूकम्पजस्ता विपद्ले सङ्कट थप जटिल बनाएका छन् । गरिबीका कारण लाखौँ मानिस पौष्टिक खाना किन्न असमर्थ छन् । मध्यपूर्वको द्वन्द्वले पनि खाद्यान्नको मूल्य बढाएको छ ।

एलिफका अनुसार गरिबले उपभोग गर्ने आधारभूत खाद्यवस्तुको मूल्य १० देखि ३० प्रतिशतसम्म बढेको छ । यसले विपन्न परिवारलाई बजारबाट खाद्यान्न किन्नसमेत कठिन बनाएको उहाँले बताउनुभयो ।

सङ्कटको अर्को प्रमुख कारण अन्तर्राष्ट्रिय सहायता कटौती हो । सन् २०२१ मा तालिबानले सत्ता कब्जा गरेपछि विदेशी सहायता एकाएक घट्दा लाखौँ मानिस गरिबी र भोकमरीमा धकेलिएका थिए । अमेरिकी सहयोग रोकिएपछि डब्लुएफपीजस्ता संस्थाको खाद्य सहायता कार्यक्रमसमेत प्रभावित भएका छन् । एलिफका अनुसार अहिले डब्लुएफपीले सन् २०२२ मा प्राप्त गरेको रकमको १२ प्रतिशत मात्र पाएको छ ।

“हामीले स्वास्थ्य केन्द्रबाट गम्भीर कुपोषण भएका सातमध्ये छ जना महिला र बालबालिकालाई फर्काउनुपरेको छ । उनीहरूका बालबालिकाको जीवन बचाउन आवश्यक खाना हामीसँग छैन,” एलिफले भन्नुभयो । उहाँले अफगान बालबालिकाको पीडाप्रति अन्तर्राष्ट्रिय समुदाय पर्याप्त संवेदनशील नभएको भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

इन्दिरा गान्धी अस्पतालका आन्तरिक चिकित्सा विभाग प्रमुख डा. मोहम्मद आरिफ हसनजाईका अनुसार कहिलेकाहीँ बिरामीको सङ्ख्या शय्याभन्दा बढी हुँदा दुई बालबालिकालाई एउटै शय्यामा राख्नुपर्छ । हालको सहयोगले २० शय्याको गम्भीर कुपोषण उपचार कक्ष मात्र सञ्चालन गर्न सकिएको छ । थप स्रोत उपलब्ध भए ६० देखि १०० जनासम्म बिरामीलाई उपचार दिन सकिने उहाँले बताउनुभयो ।

“स्वास्थ्य सहायता किन घटाइएको हो भन्नेमा म चिन्तित छु । राजनीतिक अवस्थाका कारण बिरामीले कुपोषण भोग्नुपर्ने र ज्यानसमेत गुमाउनुपर्ने हो ?” उहाँले प्रश्न गर्दै स्वास्थ्य सेवा राजनीतिबाट अलग रहनुपर्ने बताउनुभयो ।

अस्पतालमा दुई वर्षीया छोरी फातमाको उपचार गराइरहनुभएकी २५ वर्षीया जरमिनाको परिवार पनि यही सङ्कटबाट प्रभावित छ । लोगार प्रान्तमा दैनिक ज्यालादारी गर्ने उहाँका श्रीमान्का पाँच सन्तानमध्ये चार जना कुपोषित भएका थिए । सुरुमा फातमासहित तीन सन्तानलाई स्थानीय अस्पतालमा भर्ना गरिएको थियो । फातमाको अवस्था गम्भीर भएपछि उनलाई काबुल ल्याइएको हो । यात्राका लागि परिवारले ऋण लिनुपरेको थियो ।

अस्पताल भर्ना भएको १२ दिन बितिसक्दा पनि चार दशमलव आठ किलोग्राम तौल भएकी फातमाको तौल बढ्न सकेको छैन । उनकी आमा जरमिनालाई काबुलमा कति समय बस्नुपर्ने हो भन्ने थाहा छैन । उहाँका अन्य छोरीहरूलाई स्थानीय अस्पतालबाट घर पठाइएको छ र आफन्तले हेरचाह गरिरहेका छन् । तर परिवारसँग पर्याप्त खाना किन्ने पैसा छैन ।

पहिले सहायता संस्थाले यस्ता परिवारलाई सहयोग गर्न सक्थे । अहिले बजेट कटौतीका कारण उनीहरूलाई आवश्यक सहयोग पुर्‍याउन कठिन भएको छ । एलिफका अनुसार अफगानिस्तानको मानवीय सङ्कटको गम्भीरता सहायता संस्थाले के गर्न सक्छन् भन्नेभन्दा पनि स्रोत अभावका कारण के गर्न सकिरहेका छैनन् भन्नेबाट देखिन्छ ।

# प्रकृति संरक्षणका लागि विश्वव्यापी प्रयास बढाउन गुटेरेसको आह्वान

येरेभान, १७ अक्टोबर ( सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले जैविक विविधताको संरक्षण तथा प्रकृति विनाश रोक्न विश्वव्यापी प्रयासलाई तीव्रता दिन अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गर्नुभएको छ । उहाँले वर्तमान प्रयास अन्तर्राष्ट्रिय लक्ष्यअनुरूप अघि बढ्न नसकेको उल्लेख गर्दै संरक्षणका लागि थप प्रतिबद्धता, स्रोत र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताउनुभयो ।

आर्मेनियाको राजधानी येरेभानमा शुक्रबार आयोजित विश्व नेताहरूको शिखर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले जैविक विविधतासम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरूको १७ औं सम्मेलन (कोप-१७) अघि संरक्षणका प्रयासलाई गति दिन आग्रह गर्नुभयो । उक्त सम्मेलन अक्टोबर १९ देखि ३० सम्म आयोजना हुँदै छ । उहाँका अनुसार जलवायु परिवर्तन, बाह्य आक्रामक प्रजाति, प्राकृतिक स्रोतको अत्यधिक दोहन र प्रदूषणका कारण १० लाखभन्दा बढी प्रजाति लोप हुने जोखिममा छन् ।

सन् २०२२ मा पारित कुनमिङ-मोन्ट्रियल विश्वव्यापी जैविक विविधता रूपरेखाले प्रकृति संरक्षणका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गरे पनि यसको कार्यान्वयनमा अपेक्षित प्रगति हुन नसकेको उहाँले बताउनुभयो ।

जैविक विविधतासम्बन्धी महासन्धिका करिब ९० प्रतिशत पक्ष राष्ट्रले राष्ट्रिय लक्ष्य निर्धारण गरेका छन् भने आधाभन्दा बढीले कार्यान्वयन योजना तयार पारेका छन् । सन् २०२२ यता थप १३ लाख वर्ग किलोमिटर जमिन र ६० लाख वर्ग किलोमिटर समुद्री क्षेत्रलाई औपचारिक रूपमा संरक्षणको दायरामा समेटिएको उहाँले जानकारी दिनुभयो ।

यद्यपि, हालका राष्ट्रिय प्रतिबद्धता पूर्णरूपमा कार्यान्वयन भए पनि सन् २०३० सम्म विश्वको २६ प्रतिशत जमिन र १२ प्रतिशत समुद्री क्षेत्र मात्र संरक्षित हुने अनुमान छ । यो जमिन र समुद्र दुवैको कम्तीमा ३० प्रतिशत क्षेत्र संरक्षण गर्ने अन्तर्राष्ट्रिय लक्ष्यभन्दा कम हो ।

जैविक विविधता संरक्षणका लागि आवश्यक वित्तीय स्रोतको अभाव पनि प्रमुख चुनौती रहेको उहाँले उल्लेख गर्नुभयो । आर्थिक सहयोग तथा विकास सङ्गठन (ओईसीडी) को प्रतिवेदन उद्धृत गर्दै उहाँले यस क्षेत्रमा उपलब्ध वित्तीय स्रोत वार्षिक २०० अर्ब अमेरिकी डलरको निर्धारित लक्ष्यको आधाभन्दा कम रहेको बताउनुभयो ।

महासचिव गुटेरेसले जैविक विविधताको संरक्षण जलवायु परिवर्तन, द्वन्द्व, खाद्य असुरक्षा र रोग नियन्त्रणसँग समेत सम्बन्धित रहेको स्पष्ट पार्नुभयो । उहाँले सरकार, वित्तीय संस्था तथा निजी क्षेत्रलाई संरक्षणका प्रतिबद्धता प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गर्दै दिगो कृषि, चक्रीय अर्थतन्त्र, वातावरणीय अनुगमन र विद्यमान कानुनको कडा कार्यान्वयनमा जोड दिनुभयो ।

## विश्व सङ्क्षेप

### प्रजग कोरियाद्वारा एआईयुक्त टारपीडो परीक्षण

सियोल, १७ अक्टोबर (एएफपी) । प्रजग कोरियाले कृत्रिम बौद्धिकता ( एआई) को प्रयोगबाट लक्ष्य पहिचान गर्न र आक्रमणको मार्ग निर्धारण गर्न सक्ने नयाँ प्रकारको तीव्र गतियुक्त टारपीडो परीक्षण गरेको छ । यसले कोरियाली प्राय:द्वीपमा हतियार प्रतिस्पर्धा थप चर्किने सङ्केत गरेको छ ।

प्रजग कोरियाको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) का अनुसार बिहीबार ‘सुपर-स्पिड जाम-२.०’ टारपीडोको पानीमुनि परीक्षण गरिएको हो । प्योङ्याङले पछिल्लो पाँच वर्षमा यस प्रणालीको विकासका क्रममा १८० भन्दा बढी परीक्षण गरेको जनाएको छ ।

क्युङनाम विश्वविद्यालयका प्राध्यापक लिम युल-चुलका अनुसार एआईले टारपीडोलाई वास्तविक लक्ष्य र छल गर्न प्रयोग गरिने नक्कली लक्ष्यबिच भिन्नता छुट्याउन सहयोग गर्न सक्छ । प्रजग कोरियाले अमेरिकी रणनीतिक सैन्य साधनलाई प्रभावहीन बनाउने उद्देश्यले टारपीडो र पनडुब्बीबाट प्रक्षेपण गरिने हतियारको विकासमा लगानी बढाइरहेको उहाँले बताउनुभयो ।

यसै महिनाको सुरुमा प्रजग कोरियाले एआईको सहयोगमा मध्यम दूरीको हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरेको जनाएको थियो । त्यसको केही दिनपछि दक्षिण कोरियाले पनि हाइपरसोनिक ग्लाइड वाहनको परीक्षण गरेको थियो । ध्वनिको गतिभन्दा पाँच गुणा तीव्र गतिमा उड्न र उडानकै क्रममा दिशा परिवर्तन गर्न सक्ने हाइपरसोनिक क्षेप्यास्त्रलाई पत्ता लगाउन तथा रोक्न कठिन मानिन्छ ।

प्रजग कोरियाले दक्षिण कोरियाको परीक्षण हाइपरसोनिक उडान हासिल गर्न असफल भएको हुन सक्ने दाबी गरे पनि सियोलले त्यसलाई अस्वीकार गरेको थियो । प्रजग कोरियाली नेता किम जोङ उनले गत सेप्टेम्बरमा देशको हतियार प्रणालीमा एआईको प्रयोग बढाउनुपर्नेमा जोड दिनुभएको थियो ।

### हुथीविरुद्ध इजरायली सहयोग लिन साउदीलाई ट्रम्पको आग्रह !

वासिङ्टन, १७ अक्टोबर (एएनआई) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यमनका हुथी विद्रोहीविरुद्ध इजरायलले प्रस्ताव गरेको सहयोग साउदी अरेबियाले स्वीकार गर्नुपर्ने बताएका छन् । उनले साउदी अरेबिया इजरायलसँग सम्बन्ध सामान्य बनाउने अब्राहम सम्झौतामा सहभागी हुने सम्भावना पनि बढेको उल्लेख गरे । सन् २०२३ अक्टोबर ७ मा हमासको आक्रमण हुनुअघि इजरायल र साउदी अरेबिया सम्बन्ध सामान्य बनाउने सम्झौताको नजिक पुगेका थिए । तर, साउदी अरेबियाले प्यालेस्टिनी राज्य स्थापनाको स्पष्ट मार्ग सुनिश्चित हुनुपर्ने अडान राख्दै आएको छ ।

यसैबिच, इरानले हुथीका आक्रमणमा आफ्नो संलग्नता अस्वीकार गर्दै द्वन्द्व अन्त्य गर्न मध्यस्थता गर्न तयार रहेको जनाएको छ ।

यमनको सरकारले हुथीले एडन विमानस्थलमा दुईवटा क्षेप्यास्त्र प्रहार गरेको आरोप लगाएको छ । ती क्षेप्यास्त्र कायरो उड्न तयारी अवस्थामा रहेको विमाननजिक खसेका थिए । साउदी अरेबियास्थित अमेरिकी दूतावासले पनि सम्भावित आक्रमण र उडान अवरोधबारे आफ्ना नागरिकलाई सचेत गराएको छ । हुथी सैन्य प्रवक्ता याह्या सारीले पछिल्लो २४ घण्टामा साउदी लडाकू विमानले यमनका विभिन्न क्षेत्रमा १०१ वटा हवाई तथा क्षेप्यास्त्र आक्रमण गरेको र हालसम्म यस्ता आक्रमणको सङ्ख्या दुई हजार ४८९ पुगेको दाबी गर्नुभएको छ । अर्कोतर्फ, साउदी नेतृत्वको सैन्य गठबन्धनले यानबुतर्फ प्रहार गरिएको एक ब्यालिस्टिक क्षेप्यास्त्र, लाल सागरमा दुईवटा क्रुज क्षेप्यास्त्र र तीनवटा ड्रोन नष्ट गरेको जनाएको छ । हुथीका आक्रमण र त्यसको जवाफी कारबाही बढिरहेका बेला साउदी अरेबियाको ऊर्जा पूर्वाधार तथा महत्त्वपूर्ण समुद्री मार्गको सुरक्षालाई लिएर चिन्ता बढेको छ ।

### मेक्सिकोको तटमा १६ जनाको उद्धार

लस एन्जलस, १७ अक्टोबर (सिन्ह्वा) । मेक्सिकोको क्यालिफोर्निया प्राय:द्वीपको तटनजिकै समुद्रमा डुब्न लागेको डुङ्गाबाट अमेरिकी कोस्ट गार्डले १६ जनाको उद्धार गरेको छ भने अन्य ११ जना अझै बेपत्ता छन् ।

शुक्रबार स्थानीय समयअनुसार बिहान करिब १ बजे सान डिएगोस्थित कोस्ट गार्डले डुङ्गामा पानी भरिएको भन्दै आएको आपत्कालीन सन्देश प्राप्त गरेको थियो । उक्त घटना मेक्सिकोको एन्सेनाडा सहरबाट करिब २२५ किलोमिटर पश्चिममा भएको हो ।

उद्धार अभियानमा कोस्ट गार्डका विमान तथा जहाजसँगै अमेरिकी नौसेनाको यूएसएस किङ्सभिल जहाज र हेलिकप्टर परिचालन गरिएको थियो । खोजीका क्रममा डुङ्गाका अवशेष फेला परेका थिए ।

उद्धार गरिएका १६ जनालाई थप स्वास्थ्य परीक्षणका लागि स्थानीय अस्पताल पठाइएको छ । उनीहरूमध्ये दुई जना मेक्सिकन नागरिक रहेको अधिकारीहरूले बताएका छन् । कोस्ट गार्डका अनुसार डुङ्गामा ठुलो सङ्ख्यामा मानिस सवार थिए र त्यसले अवैध समुद्री तस्करीमा प्रयोग हुने मार्ग पछ्याइरहेको थियो । घटनाको कारण खुलेको छैन । बेपत्ता व्यक्तिहरूको खोजी जारी छ ।

हार्दिक समवेदना

जन्म
१९९५/०५/१९



स्वर्गारोहण
२०८३/०६/२६

यस विद्यालयका शिक्षिकाद्वय सूर्यलक्ष्मी बासुकला श्रेष्ठ र मञ्जु महर्जन बासुकलाकी सासू आमा **रामकुमारी बासुकला**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**बासु माध्यमिक विद्यालय परिवार**
ब्यासी, कालीघाट, भक्तपुर

# 'डिजिटल त्रिवि'देखि 'रिसर्च युनिभर्सिटी' सम्म : के-के हुँदै छन् नयाँ काम ?

सीबी अधिकारी

काठमाडौँ । त्रिभुवन विश्वविद्यालयले आफ्नो प्रशासनिक, शैक्षिक तथा प्राज्ञिक संरचनालाई समयानुकूल बनाउँदै डिजिटल सेवा विस्तार, अनुसन्धान प्रवर्द्धन, संस्थागत पुन:संरचना र वित्तीय सुधारका नयाँ योजना अघि सारेको छ ।

त्रिविका सहकुलपति एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको विश्वविद्यालय सभामा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो । यी योजना कार्यान्वयन भएमा विश्वविद्यालयको प्रशासनिक, शैक्षिक र प्राज्ञिक स्वरूपमा ठूलो फेरबदल आउने अपेक्षा गरिएको छ ।

नीति तथा कार्यक्रममा विश्वविद्यालयलाई शिक्षणकेन्द्रित संस्थाबाट अनुसन्धान, नवप्रवर्तन र ज्ञान उत्पादनमा आधारित 'रिसर्च युनिभर्सिटी'का रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । साथै, शैक्षिक, प्रशासनिक र सेवा प्रवाह प्रणालीलाई डिजिटल प्रविधिमा आधारित बनाउँदै क्रमश: 'डिजिटल विश्वविद्यालय'मा रूपान्तरण गर्ने नीति अघि सारिएको छ ।

यो नीति तथा कार्यक्रम विश्वविद्यालयको रणनीतिक योजना २०२४-२०२८ र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदनसँग तादात्म्य हुने गरी तयार गरिएको हो ।

विश्वविद्यालयले आफ्ना वार्षिक शैक्षिक योजना तथा कार्यक्रमलाई रणनीतिक योजनासँग आबद्ध गर्ने, अनुसन्धानबाट प्राप्त नतिजालाई नीतिनिर्माणमा उपयोग गर्ने र सम्पूर्ण निकायलाई नतिजामुखी व्यवस्थापन प्रणालीमा जोड्ने योजना पनि उल्लेख छ ।

**मोबाइल एपदेखि डिजिटल ड्यासबोर्डसम्म**

त्रिविले शैक्षिक प्रशासन र सेवा प्रवाहलाई सहज, पारदर्शी र पहुँचयोग्य बनाउन एकीकृत मोबाइल एप सञ्चालनमा ल्याउने भएको छ । विश्वविद्यालयसँग सम्बन्धित विभिन्न तथ्याङ्कलाई एकीकृत रूपमा हेर्न सकिने डिजिटल ड्यासबोर्ड निर्माण गर्ने नीति अघि सारिएको छ । नीतिनिर्माण, अनुगमन र शीघ्र निर्णय प्रक्रियाका लागि यस्तो ड्यासबोर्ड उपयोगी हुने त्रिविको विश्वास छ ।

त्रिविले आफ्ना आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसको डिजिटल भू-नक्साङ्कन तयार गर्ने काम चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने जनाएको छ । यसबाट क्याम्पसको अवस्थिति, पूर्वाधार, शैक्षिक कार्यक्रम र अन्य विवरणलाई एकीकृत रूपमा हेर्न सकिने छ ।

नीति कार्यक्रममा उल्लेख भएअनुसार विश्वविद्यालयअन्तर्गतका सम्पूर्ण निकायमा इन्टरनेट तथा इन्ट्रानेट पूर्वाधार सुदृढ गर्ने र शैक्षिक तथा प्रशासनिक अभिलेखलाई क्रमश: डिजिटल बनाउने योजना छ ।

**परीक्षा प्रणाली पूर्ण डिजिटल बनाउने लक्ष्य**

त्रिविले परीक्षा व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रूपमा लागू गर्ने लक्ष्य राखेको छ । यस प्रणालीमार्फत उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, शैक्षिक अभिलेख व्यवस्थापन तथा प्रमाणपत्र वितरणजस्ता सेवा डिजिटल प्रणालीबाट सञ्चालन गर्ने योजना छ । यसले परीक्षा प्रणालीलाई पारदर्शी, सुरक्षित र समयबद्ध बनाउने विश्वविद्यालयको अपेक्षा छ ।

यसअघि नै परीक्षा नियन्त्रण कार्यालयमा अनलाइन सेवा विस्तार गरिएको र प्रादेशिक परीक्षा नियन्त्रण कार्यालयमार्फत अनलाइन भुक्तानी, मार्कसीट तथा ट्रान्सक्रिप्ट वितरणलाई सहज बनाइएको नीति तथा कार्यक्रमको समीक्षा खण्डमा उल्लेख छ । सबै तहका परीक्षाका प्रश्नपत्र अनलाइन माध्यमबाट परीक्षा केन्द्रसम्म पुऱ्याउने प्रणाली सञ्चालन गर्ने काम सुरु भइसकेको छ ।

**विद्यार्थी सेवामा नयाँ प्रणाली**

त्रिविले विद्यार्थीलाई केन्द्रमा राखेर एकीकृत विद्यार्थी सेवा प्रणाली विकास गर्ने भएको छ । यस प्रणालीमार्फत विद्यार्थी भर्ना, परीक्षा, छात्रवृत्ति, परिचयपत्र र गुनासो व्यवस्थापनका साथै मानसिक स्वास्थ्य परामर्श, करिअर विकास, उद्यमशीलता तथा रोजगार सहजीकरणजस्ता सेवा सञ्चालन गरिनेछ ।

विद्यार्थीको नेतृत्व विकास, शैक्षिक सहभागिता, खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रवर्द्धनका लागि विद्यार्थी परिषद्लाई संस्थागत गर्ने नीति पनि अघि सारिएको छ ।

वन विज्ञान अध्ययन संस्थानको अनुभवका आधारमा राष्ट्रिय स्वयंसेवक कार्यक्रमलाई अन्य निकायमा विस्तार गर्ने योजना छ । वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सामुदायिक विकास तथा राष्ट्रनिर्माणको काममा विद्यार्थीलाई सहभागी गराउने नीति कार्यक्रममा उल्लेख छ ।

त्यसैगरी, निश्चित सङ्ख्याका विद्यार्थीलाई उनीहरूको शैक्षिक योग्यता र रुचिअनुसार त्रिविअन्तर्गतका क्याम्पस, अनुसन्धान केन्द्र तथा प्रशासनिक निकायमा निश्चित अवधिको इन्टर्नसिप उपलब्ध गराउने योजना छ ।

**त्रिविलाई 'रिसर्च युनिभर्सिटी' बनाउने योजना**

त्रिविको नयाँ नीति तथा कार्यक्रमको अर्को महत्त्वपूर्ण पक्ष विश्वविद्यालयलाई अनुसन्धानप्रधान संस्थाका रूपमा विकास गर्ने योजना हो । नीति कार्यक्रममा राष्ट्रिय प्राथमिकता, सामाजिक आवश्यकता तथा विश्वव्यापी ज्ञान प्रवृत्तिसँग मेल खाने उच्च गुणस्तरीय अनुसन्धानलाई प्रोत्साहन गर्न प्रतिस्पर्धात्मक अनुसन्धान अनुदान उपलब्ध गराउने उल्लेख छ ।

त्यसका लागि अनुसन्धान व्यवस्थापन प्रणाली सुधार गर्ने, आवश्यक कोष तथा सरकारी अनुदान परिचालन गर्ने र केन्द्रीय विभाग, अनुसन्धान केन्द्र तथा क्याम्पसमा अनुसन्धान पूर्वाधार स्तरोन्नति गर्ने योजना अघि सारिएको छ । त्यस्तै, राष्ट्रिय विज्ञानमा आधारित सन्दर्भ प्रयोगशाला सञ्चालन गर्ने र बहुविषयगत अध्ययनका लागि साझा अनुसन्धान सुविधा विकास गर्ने नीति छ ।

यसबाट त्रिविका विभिन्न विभाग र अनुसन्धान केन्द्रले छुट्टाछुट्टै महँगा उपकरण खरिद गर्नुपर्ने अवस्था घट्ने तथा उपलब्ध पूर्वाधारलाई साझा रूपमा प्रयोग गर्न सकिनेछ । यस्तो व्यवस्थाले अनुसन्धानको लागत घटाउनुका साथै विभिन्न विषयबिच सहकार्य बढाउनेछ ।

**पेटेन्ट, स्टार्टअप र बौद्धिक सम्पत्ति**

त्रिविले प्राध्यापक, युवा अनुसन्धानकर्ता तथा विद्यार्थीमा नवप्रवर्तन, पेटेन्ट दर्ता, स्टार्टअप र बौद्धिक सम्पत्ति सिर्जनालाई प्रोत्साहन गर्ने भएको छ । यसका लागि बौद्धिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गर्ने नीति कार्यक्रममा उल्लेख छ । अनुसन्धानबाट प्राप्त प्रविधि, उत्पादन वा अवधारणालाई संरक्षण गर्ने र सम्भव भएमा व्यावसायिक उपयोगमा लैजाने लक्ष्य विश्वविद्यालयले राखेको छ ।

उच्चस्तरीय जर्नलमा लेख प्रकाशन गर्ने तथा पेटेन्ट अधिकार प्राप्त गर्ने अनुसन्धानकर्तालाई आर्थिक प्रोत्साहन र पुरस्कार प्रदान गर्नेछ ।

त्रिविले अनुसन्धानलाई समाज, उद्योग र नीति निर्माणसँग जोड्न ज्ञान हस्तान्तरण, परामर्श सेवा तथा सरकार-विश्वविद्यालय सहकार्यको अवधारणा अघि सारेको छ । साथै, एनआइसीई अर्थात् नेटवर्किङ, इनोभेसन, क्रियसन एन्ड एक्स्प्लोरेसन मोडलमार्फत प्राध्यापकको व्यावसायिक विकास तथा विद्यार्थीको व्यावहारिक सीप अभिवृद्धि गर्ने योजना छ । नीति कार्यक्रममा अनुसन्धानको गुणस्तर, पारदर्शिता र अनुसन्धान आचारसंहितालाई संस्थागत गर्न रिसर्च एन्ड प्लेसमेन्ट सेल विस्तार गर्ने उल्लेख छ ।

**पाठ्यक्रममा प्रविधि र रोजगार**

त्रिविले बदलिँदो श्रम बजार र प्रविधिको मागअनुसार पाठ्यक्रम परिमार्जन गर्ने भएको छ । पाठ्यक्रममा उद्यमशीलता, नवप्रवर्तन र प्रविधिलाई समावेश गर्ने तथा शिक्षण-सिकाइ प्रक्रियालाई विद्यार्थीकेन्द्रित र प्रविधिमैत्री बनाउने योजना छ ।

दूरशिक्षा, डिजिटल सामग्री तथा मिश्रित सिकाइ प्रणाली विस्तार गर्ने नीति पनि अघि सारिएको छ । यसका लागि लर्निङ म्यानेजमेन्ट सिस्टम विकास गर्ने र आङ्गिक क्याम्पसमा प्रविधिमैत्री शिक्षण-सिकाइ विस्तार गरिनेछ ।

नीति कार्यक्रममा लेबर मार्केट ड्रिभन प्रोग्राम अर्थात् श्रमबजारको मागमा आधारित शैक्षिक कार्यक्रम विस्तार गर्ने उल्लेख छ ।

रोजगारमूलक तथा आकर्षक शैक्षिक कार्यक्रमलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त गरी भौगोलिक आधारमा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

स्वदेशी तथा विदेशी विश्वविद्यालयसँग क्रेडिट ट्रान्सफर र डबल डिग्री कार्यक्रमलाई थप व्यवस्थित गर्ने तथा विदेशी विद्यार्थी र अनुसन्धानकर्तालाई आकर्षित गर्न अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रमार्फत सेवा सहज बनाउने नीति पनि छ ।

**'स्कूल' अवधारणा लागू गर्ने तयारी**

विशेषीकृत अध्ययन, अध्यापन तथा अनुसन्धानलाई प्रवर्द्धन गर्न त्रिविले 'स्कूल' अवधारणा लागू गर्ने भएको छ । यसका लागि आवश्यक रणनीति र कार्यढाँचा तयार गरी चालु आर्थिक वर्षदेखि नै कार्यान्वयन गर्ने नीति कार्यक्रममा उल्लेख छ । स्कूल अवधारणाले एउटै विषय वा विषयसमूहसँग सम्बन्धित अध्ययन, अनुसन्धान र प्राज्ञिक गतिविधिलाई बढी समन्वित बनाउन सक्नेछ । यसबाट अध्ययन संस्थान, सङ्काय र केन्द्रीय विभागबिचको दोहोरोपन घटाउने तथा अनुसन्धानमा सहकार्य बढाउने लक्ष्य राखिएको देखिन्छ ।

त्रिविले सम्बन्धित अध्ययन संस्थान, सङ्काय र आङ्गिक निकायलाई आफ्नो वार्षिक शैक्षिक कार्ययोजना विश्वविद्यालयको रणनीतिक योजनासँग आबद्ध गर्नुपर्ने व्यवस्था गर्ने जनाएको छ ।

**प्रशासनिक पुन:संरचना र विकेन्द्रीकरण**

त्रिविले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र रणनीतिक योजना २०२४-२०२८ का आधारमा जनशक्ति प्रक्षेपण, कार्यसंरचना तथा प्रशासनिक पुन:संरचना गर्ने भएको छ । निर्णय प्रक्रियालाई छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउन प्रशासनिक प्रक्रियाको सरलीकरण गर्ने नीति छ । अधिकार, स्रोत र जिम्मेवारीलाई चरणबद्ध रूपमा अध्ययन संस्थान, सङ्काय, केन्द्रीय विभाग, आङ्गिक क्याम्पस तथा प्रादेशिक निकायमा प्रत्यायोजन गर्ने योजना छ ।

यसले अहिले केन्द्रीय तहमा केन्द्रित रहेको केही प्रशासनिक तथा वित्तीय अधिकार तल्लो तहका निकायमा लैजान सक्नेछ । तर अधिकार प्रत्यायोजनसँगै आन्तरिक नियन्त्रण, अनुगमन र जवाफदेहिताको व्यवस्था कसरी लागू हुन्छ भन्ने विषय महत्त्वपूर्ण हुनेछ ।

सम्बन्धनप्राप्त क्याम्पसको गुणस्तर सुनिश्चितता, नियमित अनुगमन र नियमनलाई प्रभावकारी बनाउन सम्बन्धन व्यवस्थापन निर्देशनालयलाई सुदृढ गर्ने योजना पनि छ ।

विद्यार्थी सङ्ख्या लगातार कम भएका कार्यक्रमलाई गाभ्ने नीति कार्यान्वयनका लागि सम्बन्धन प्राप्त क्याम्पसको अध्ययन तथा छानबिन सुरु भइसकेको छ । दुई शैक्षिकसत्रदेखि विद्यार्थी सङ्ख्या १५ भन्दा कम भएका कार्यक्रमबारे यस्तो नीति अघि सारिएको हो ।

**सम्पत्ति संरक्षणदेखि चार्जिङ स्टेसनसम्म**

त्रिविले आफ्ना जग्गा, भवन, प्रयोगशाला, पुस्तकालय, उपकरणलगायत भौतिक सम्पत्तिको डिजिटल अभिलेख तयार गर्ने भएको छ ।

विश्वविद्यालयको सम्पत्ति संरक्षण, मर्मतसम्भार तथा उपयोगका लागि एकीकृत सम्पत्ति व्यवस्थापन प्रणाली विकास गर्ने योजना छ । कम उपयोगमा रहेका सभाहल, प्रयोगशाला, छात्रावास तथा खेलकुद पूर्वाधारलाई व्यावसायिक र उत्पादनशील रूपमा प्रयोग गरी आन्तरिक आम्दानी बढाउने नीति छ ।

थापाथली क्याम्पसको बल्खुस्थित जग्गामा चार्जिङ स्टेसन, वर्कसप, भेइकल टेस्टिङ ल्याब तथा मेकर स्पेस स्थापना गर्ने योजना पनि नीति कार्यक्रममा राखिएको छ ।

विश्वविद्यालय-उद्योग सहकार्य, अनुसन्धान तथा परामर्श सेवा, निरन्तर शिक्षा, व्यावसायिक तालिम तथा प्रविधि हस्तान्तरणमार्फत वैकल्पिक वित्तीय स्रोत परिचालन गर्ने योजना छ ।

**आन्तरिक आम्दानीबाट क्याम्पस सुधार**

त्रिविले प्रत्येक आङ्गिक क्याम्पसलाई आफ्नो आन्तरिक आम्दानीबाट क्याम्पस सौन्दर्यीकरणसम्बन्धी काममा अधिकतम रु. २० लाखसम्म खर्च गर्न सक्ने अधिकार दिने भएको छ ।

केन्द्रीय विभागको भौतिक निर्माण तथा मर्मतसम्भार बजेट भने एकद्वार प्रणालीबाट सञ्चालन गर्ने योजना छ । परीक्षा सञ्चालनलाई व्यवस्थित बनाउन केन्द्रीय तथा प्रादेशिक तहमा 'मेगा एक्जामिनेसन हल' निर्माण गर्ने कार्यक्रमलाई तीव्रता दिने नीति छ । समीक्षा खण्डमा जनकपुरस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पसमा मेगा परीक्षा हल निर्माण सुरु गरिएको उल्लेख छ ।

**हरित विश्वविद्यालयको लक्ष्य**

त्रिविले आफ्ना भौतिक पूर्वाधारलाई वातावरणमैत्री बनाउँदै 'हरित विश्वविद्यालय'को अवधारणा कार्यान्वयन गर्ने भएको छ ।

नयाँ निर्माण तथा पूर्वाधार विकासका काममा ऊर्जा दक्षता, हरियाली प्रवर्द्धन, फोहरमैला तथा वर्षाको पानी व्यवस्थापन, नवीकरणीय ऊर्जा, अपाङ्गमैत्री पहुँच र विपद्प्रतिरोधी मापदण्ड लागू गर्ने नीति छ । आवश्यकता, विद्यार्थी सङ्ख्या र प्राज्ञिक प्राथमिकताका आधारमा स्मार्ट बोर्ड, आधुनिक प्रयोगशाला, पुस्तकालय, कक्षाकोठा र छात्राबासको निर्माण तथा स्तरोन्नति गर्ने योजना पनि छ ।

प्राध्यापकलाई विश्वविद्यालय परिसरमै बसेर शिक्षण, अनुसन्धान तथा परामर्श सेवामा संलग्न गराउन छनोट गरिएका विभागबाट 'प्रोफेसर क्याबिन' निर्माण तथा व्यवस्थापन गर्ने कार्यक्रम राखिएको छ ।

**पेन्सन व्यवस्थापनको बहस**

त्रिविको नीति तथा कार्यक्रमको अन्तिम भागमा शिक्षक तथा कर्मचारीको पेन्सन व्यवस्थापनसम्बन्धी विषय समेटिएको छ ।

दस्तावेजमा २०६८ सालसम्म स्थायी सेवामा प्रवेश गरेका शिक्षक तथा कर्मचारीले नेपाल सरकारको नियमअनुसार पेन्सन पाउँदै आएको र त्यसपछि नियुक्त भएकाहरूका लागि योगदानमा आधारित निवृत्तिभरण योजना सञ्चालनमा रहेको उल्लेख छ । कार्यरत शिक्षक तथा कर्मचारीबिच पेन्सन सुविधामा देखिएको विभेद अन्त्य गर्न पुरानै पेन्सन प्रणाली लागू गर्नुपर्ने माग उच्चस्तरीय सहजीकरण समितिले दिएको छ ।

समितिका सुझावअनुसार पेन्सन दायित्वका लागि प्रत्येक क्याम्पसको आम्दानीको ४० प्रतिशत रकम छुट्याउने, बजेट शीर्षकमा राखेर खर्च हुन नसकेको रकमको ४० प्रतिशतसम्म प्रत्येक आर्थिक वर्षको अन्त्यमा केन्द्रीय कोषमा ल्याउने, विश्वविद्यालयको जग्गा तथा सम्पत्ति संरक्षण गरी आम्दानी बढाउने, लिज सम्झौता पुनरावलोकन गर्ने र शुल्क संरचना पुनरावलोकन गर्ने प्रस्ताव गरिएको छ । हाल त्रिविले निवृत्तिभरण योजनाका लागि १० प्रतिशत थप रकम छुट्याउँदै आएको छ ।

त्रिभुवन विश्वविद्यालय ऐनको दफा ३३ 'क' अनुसार नेपाल सरकारलाई थप आर्थिक भार पर्ने विषयमा सरकारको स्वीकृति आवश्यक पर्ने भएकाले यो विषय निर्णयका लागि विश्वविद्यालय सभामा पेस गरिएको हो । कार्यान्वयनका लागि थप कानुनी तथा वित्तीय निर्णय आवश्यक हुनेछ ।

नीति तथा कार्यक्रममा नेपाल सरकारले २०७५ असार मसान्तसम्मका सबै कर्मचारीलाई पेन्सन उपलब्ध गराउने र त्यसपछि योगदानमा आधारित पेन्सन दिने व्यवस्था गरेका सन्दर्भ उल्लेख गर्दै त्रिविमा पनि सोही व्यवस्थाका लागि आवश्यक अध्ययन गरी अघि बढ्ने जनाइएको छ । **(रासस)**

---

*स्वेच्छा...*

हुने छैन । देशमा सन्तुलित विकास गर्न स्थानीय तहमा पर्याप्त बजेट स्थानीय तहमा छुट्याउनुपर्ने सुझाव संविधानसभाको निर्वाचनताका र त्यसभन्दा अघि नै सरकारलाई सुझाएको थियो । सन्तुलित विकाससित सम्बन्धित त्यो माग पनि अहिलेसम्म पूरा भएको छैन् । प्रदेश र स्थानीय तहलाई कमजोर बनाएर देशमा सुशासन कसरी व्यवस्थित हुन्छ ?

देशको एउटा कमजोर पक्ष सार्वजनिक संस्था, सरकारी उद्योग तथा कलकारखानाहरू डुब्नु, घाटामा चल्नु र बन्द हुनु पनि हो र सरकारी संस्थानहरू के कारणले डुब, घाटा र बन्द भए भन्ने कुरामा सरकारले एक एक गरी पर्गेल्नुपर्छ । त्यसको लेखोजोखा, अध्ययन अनुसन्धान नगरी घाटाको निहुँमा संस्थान र उद्योग नै बन्द गर्नु समस्या समाधानको उपाय होइन । बन्द या घाटा हुनुको खास कारण पहिचान गरेर कहीँ कतै कमजोरी छ भने निकास खोज्ने हो; समस्या समाधान गर्ने हो । देशका सरकारी संस्थान र उद्योगहरू बन्द गरेर विदेशबाट सामान आयात गरेर स्वदेशी रकम विदेशमा पुऱ्याउने काम बुद्धिमानी होइन । सरकारको यस्तै नीति, निर्णय र कामले देश परनिर्भर भइरहेको हो । विदेशी अनुदान, विदेशी सहयोगमा भर परेर देशलाई समृद्ध बनाउन र नेपाली जनताको जीवनस्तर उठाउन सम्भव छैन । जनतालाई छिटो, छरितो र सहज सेवा पुऱ्याउने सरकारको काम तै रानी मै रानी को भर्छ कुवाको पानी' भैँ भएको छ । सरकारी कार्यालयमा सर्भर र इन्टरनेटको समस्या बरोबर किन हुन्छ ? यो समस्याको कारण धेरै नागरिकले हैरान भोगेमा छन् । काम समयमा नभएर उनीहरू पटक - पटक फर्कन बाध्य छन् । अनलाइन प्रणाली र नेटवर्कमा भएको यो समस्याले सेवाग्राही मर्कामा परेका छन् । जनता सरकारी सेवाबाट वञ्चित भएका छन् । के सरकारले त्यसको राम्रो व्यवस्थापन गर्नुपर्दैन ? यसतर्फ पनि सरकार संवेदनशील हुनपर्छ । राष्ट्रिय सवालका यी विभिन्न विषयमा सचेत भएमा देशमा विगतमा भन्दा तुलनात्मक रूपमा सुशासन भएको अनुभूति गर्न सकिन्छ ।

*जीवनको...*

यद्यपि जीवनको उत्तरार्द्धमा पछुतो र बोध भएपछि उनी तपस्याका लागि वनप्रस्थ गए तर समयमै सही विवेक प्रयोग गर्न नसक्दा उनले जीवनको ठूलो हिस्सा अज्ञानता र पश्चात्तापमै बिताउनुपऱ्यो । धृतराष्ट्र ती मानिसहरूको प्रतीक हुन्, जो शक्ति र सुगम अवस्थामा छँदा मोह र गलत बुझाइमा रमाउँछन् र क्षतिको पराकाष्ठापछि मात्र चेत्छन् । यसको ठीकविपरीत, रोमन सम्राट तथा स्टोइक दार्शनिक मार्कस ओरेलियसले संसारकै सबैभन्दा शक्तिशाली साम्राज्यको शिखरमा रहेर पनि निरन्तर आत्म-समीक्षा र आत्म-नियन्त्रणको अभ्यास गरे । उनी मान्थे कि बाह्य परिस्थिति, पद वा मान-सम्मान मानिसको नियन्त्रणबाहिर हुन्छ; मानिसको आफ्नै मन, विवेक र विचार मात्र उसको वास्तविक हातमा हुन्छ । उनले जीवनका दु:ख, दायित्व र प्रतिकूलताहरूलाई चरित्र निर्माण र चेतनाको परिपक्वता हासिल गर्ने मुख्य साधन मानेका थिए ।

पुस्तकीय ज्ञानले मानिसको मस्तिष्कलाई त तीक्ष्ण बनाउला, तर हृदयलाई विशाल र जीवनलाई परिपक्व बनाउने काम अनुभव र दु:खको कसीले मात्र गर्छ । सुख र प्राप्तिले मानिसलाई अल्छी र अहङ्कारी बनाउन सक्छ, तर दु:ख गुमाइ र प्रतिकूल परिस्थितिले मानिसलाई गम्भीर, सहनशील र आत्मज्ञानी बनाउँछ । पद र प्रतिष्ठाको पछाडि दौडिएर अहङ्कारको दास बन्नु जीवनको सबैभन्दा ठूलो विपत्ति हो । उमेर बढ्नु मात्र सफलता होइन; उमेरसँगै लोभ, ईर्ष्या र साँघुरो सोचाइलाई त्यागेर ज्ञानी, निर्लोभी र नम्र बन्न सक्नु नै मानव जीवनको चरम सार्थकता हो । मानिसले जीवनको अन्त्य हुनुभन्दा अघि नै यो सत्यलाई बुझ्न जरुरी छ कि हामीले संसारबाट के पायौँ वा के जित्यौँ भन्ने कुरा महत्त्वपूर्ण होइन, बरु हामी कस्तो चेतना, कति नम्रता र कति आन्तरिक शान्ति लिएर बाँची बिदा भयौँ भन्ने कुरा नै प्रधान हो । जब मानिसले दु:खलाई शिक्षक, गुमाइलाई साधना र नम्रतालाई आफ्नो गहना मान्न थाल्छ, तब मात्र उसको जीवन साँच्चिकै परिपक्व र वन्दनीय बन्दछ ।

# भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र सफाइकर्मीबिच शुभकामना आदानप्रदान



भक्तपुर, ३१ असोज । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा विजयादशमी तथा दीपावली २०८३ को अवसरमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र सफाइकर्मीबिच शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले नगर सफा गर्ने महत्त्वपूर्ण जिम्मेवारी सफाइकर्मीहरूको काँधमा रहेको बताउँदै सफाइकर्मीहरूले आफ्नो स्वास्थ्यको विशेष ख्याल राख्नुपर्नेमा जोड दिनुभयो । प्रत्येक व्यक्तिको आ-आफ्नो कर्तव्य र जिम्मेवारी हुने उल्लेख गर्दै उहाँले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने बताउनुभयो ।

सफाइकर्मीले आफ्नो पेसाप्रति गर्व गर्न सक्नुपर्ने बताउँदै नगर प्रमुख प्रजापतिले अरूसँग तुलना गरेर हीनताबोध गर्न नहुने धारणा व्यक्त गर्नुभयो । सफा, सुन्दर र स्वस्थ नगर निर्माण गर्नु सबैको साझा उद्देश्य रहेको उल्लेख गर्दै उहाँले आदर्श नगर निर्माणका लागि सबैले आ-आफ्नो ठाउँबाट योगदान दिनुपर्ने बताउनुभयो ।

आफू बस्ने ठाउँ सफा राख्नु सबैको कर्तव्य भएको उल्लेख गर्दै उहाँले विगतमा फोहोरका कारण बदनाम भक्तपुरले अहिले सरसफाइका माध्यमबाट आफ्नो प्रतिष्ठा बढाउन सफल भएको बताउनुभयो ।

उहाँले जनप्रतिनिधि र कर्मचारी एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिँदै सफाइकर्मीले आफ्नो पेसाप्रति हीनताबोध नगरी आत्मसम्मानका साथ काम गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष एवं वातावरण समितिका संयोजक रविन्द्र ज्याखवले नगरको सौन्दर्यकरणमा सफाइकर्मीहरूको भूमिका उल्लेखनीय रहेको बताउनुभयो । चाडपर्वलाई मर्यादित ढङ्गले मनाउनुपर्ने उल्लेख गर्दै उहाँले नगरलाई सफा राख्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

स्रोतबाटै फोहोर व्यवस्थापन गर्ने उद्देश्यले नगरपालिकाले जनतालाई सचेत र उत्साहित गर्दै आएको बताउँदै उहाँले फोहोरको उचित व्यवस्थापनका लागि सबै नागरिकको सहयोग आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा स्यानिटेसन शाखा प्रमुख दिलिपकुमार सुवाल र वडा इन्चार्ज रामकृष्ण प्रजापतिले पनि विजयादशमी तथा दीपावलीको शुभकामना व्यक्त गर्दै सफाइका काममा विशेष ध्यान दिएर जिम्मेवारीपूर्वक कार्य गर्न सफाइकर्मीहरूलाई अनुरोध गर्नुभयो ।

# चामुण्डा बिन्द्रासैनीमा शुभकामना कार्यक्रम

दैलेख, ३१ असोज । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. १ समितिको आयोजनामा शुक्रबार शुभकामना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका सदस्य निरबहादुर शाहीले युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था हुने वातावरण सरकारले तयार गर्नु जरूरी रहेको बताउनुभयो ।

समाजवादी व्यवस्थामा कामदार जनताले सम्मानपूर्वक जीवनयापन गर्न पाउने धारणा राख्दै उहाँले उक्त व्यवस्थामा नागरिकको जन्मदेखि मृत्युसम्मका सबै व्यवस्था राज्यले गर्ने बताउनुभयो ।

चाडपर्वलाई भौतिकवादी दृष्टिकोणले रचनात्मक ढङ्गले मनाउनु जरूरी रहेको उल्लेख गर्दै उहाँले विश्वमा अशान्ति छाउनुमा संरा अमेरिकी साम्राज्यवाद प्रमुख रूपमा दोषी रहेको बताउनुभयो ।



नेमकिपा दैलेखका अध्यक्षले अहिलेको पुँजीवादी व्यवस्थाले कामदार जनताको हित नगर्ने भएकोले यस विषयमा सचेत हुन र जनतालाई पनि सचेत गराउन जरूरी रहेको बताउनुभयो ।

गोरख केसीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा दीपक शाही, विष्णु रेग्मी, उदय विक, सुरेन्द्र शाही, एचबी, लालिसरा विक, गगन केसीलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

***देशको...***

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को साझेदारीमा सञ्चालित ग्लोफ सञ्जीवनी परियोजनाको कुल लागत ४ करोड ९९ लाख ४४ हजार ५० अमेरिकी डलर बराबरको बजेटले जल तथा मौसमसम्बन्धी निगरानी विस्तार कार्य हुने पनि सार्वजनिक भयो । सन् २०२० को अध्ययनअनुसार नेका, एमाले, तत्कालीन माओवादीका सरकारहरूले काम गरेनन् । गत वर्ष भदौ २३ र २४ गतेको विध्वंसपछि आएको जेनजी र रास्वपा सरकारले पनि किन गरेन ? के सरकारमा गएकाहरूको कमजोरीले गएको भदौ १० गते रसुवाको भोटेकोसीमा आएको हिमपहिरोले नेपालमा धरै जनधनको क्षति भएको होइन ?

**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं**

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'पुर्खाको नासो संरक्षण गर्न हातेमालो गरौं'
हार्दिक मङ्गलमय शुभकामना
नेपालीहरूको महान चाड
विजया दशमी, शुभ दीपावली
तथा
छठ पर्व को
सुखद अवसरमा सम्पूर्ण न्यायप्रेमी जनतामा
सु-स्वास्थ्यको दीर्घायु तथा उत्तरोत्तर
प्रगतिको कामनासहित
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।
गय भि:द्य (परदेशी भीमसेन) स्थान
मूल सुधार समिति परिवार
मो नं. ९८४१५००३४५/९८४६८९६८८८

हार्दिक शुभकामना
विजया दशमी, शुभ दीपावली २०८३, नेपाल संवत् ११४७ तथा छठ पर्व को पावन अवसरमा ग्राहक महानुभाव, समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरू, शुभेच्छुकहरू एवं शुभचिन्तकहरूमा सुख, शान्ति तथा समृद्धिको कामनासहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।
कमलविनायक स्यानिटरी एन्ड हार्डवेयर
कलमविनायक बसपार्क, भक्तपुर
मो.नं.: ९८४९७४९३०५

हार्दिक शुभकामना
विजया दशमी, शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण ग्राहक महानुभावहरूमा सुख, शान्ति तथा समृद्धिको कामनासहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।
लवजु मिठाइ भण्डार
कमलविनायक-१०, भक्तपुर
फोन नं.: ०१-६६११७१५, ९८४३५१९८३२, ९८४१६५४६१०

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः चक्रबहादुर चाकतु★कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा